# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १५ २०७३ असोज १० गते सोमबार Monday, Sep 26, 2016 पृष्ठ ८ मूल्य रु. १०।-



भावपूर्ण श्रद्धाञ्जली

हाम्री ममतामयी आमाको यही असोज ५ गते निधन हुन पुगेको छ। यस दुःखद् घडीमा विभिन्न रुपमा सहयोग गर्नुहुने र समवेदना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दै दिवंगत आमाप्रति हामी भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं।



मायारानी फुदोङ

जन्ममिति : वि.स. १९९२/०८/२

निधन भएको मिति : ०७३/०६/५

जेठा छोरा : **केवी फुदोङ,** केस, क्रान्तिकारी माओवादी

माइला छोरा : **यम फुदोङ,** जिल्ला सहसंयोजक, क्रान्तिकारी माओवादी

साइला छोरा : **हरि फुदोङ,** समर्थक, क्रान्तिकारी माओवादी

कान्छा छोरा : **विष्णु फुदोङ**

छोरी- **चन्द्रकला फुदोङ**

**तेह्रथुम म्याङलुङ नगरपालिका वडा नं. १० साप्ला**


## क्रान्तिकारी माओवादीले गऱ्यो हजारौं कार्यकर्ता परिचालन

**काठमाडौं ।** दोस्रो संविधानसभाबाट जारी गरिएको कथित संविधानको खारेजीको माग गर्दै आएको नेकपा (क्रान्तिकारी माओवादी)ले आसोज ३ गते देशैभर हजारौं नेता कार्यकर्तालाई संविधानको विरुद्धमा गरिएको कार्यक्रममा परिचालन गरेको छ । 'असोज-३, कालो दिन' नारासहित सडकमा उत्रिएका हजारौं कार्यकर्ताले संविधानका विरुद्ध चर्को नाराबाजी गरेका थिए भने उपत्यका लगायत मुख्य सहर र सबै जिल्लाका सदरमुकामहरुमा भएका विरोध कार्यक्रमहरुमा नेताहरुले कथित संविधानले श्रमजीवि, शोषित, उत्पीडित जनताको अधिकार कटौती गरेको भन्दै सम्पूर्ण शोषित-पीडित, उपेक्षित, उत्पीडित वर्ग, समुदायलाई आन्दोलनका निम्ति तयार रहन आव्हानसमेत गरेका थिए ।

नेवा, अवध, किरात, कोचिला, मगरात, लिम्बुवान, भोजपुरा, मिथिला, थारुवान, सेम, भेक, तमुवान, ताम्सालिङबाट प्राप्त जानकारी अनुसार ती राज्यन्तर्गत पर्ने सबै जिल्लाहरुमा विरोध प्रदर्शन गरिएको छ । पछिल्लो पार्टी विभाजनयता क्रान्तिकारी माओवादीले देशैभरको पार्टीपंक्तिलाई संगठन र संघर्षका योजनामा चलायमान बनाउँदै आएको छ । विचार, राजनीति, संगठन र संघर्षमा पार्टीले देखाएको गतिशिलताबाट अन्य माओवादी घटकमा रहेका नेता कार्यकर्ताहरु विस्तारै क्रान्तिकारी माओवादीप्रति आकर्षित हुँदै गएको सो पार्टीका नेताहरुले दावी गरेका छन् । प्राप्त जानकारी अनुसार मजदुर, विध्यार्थी, युवा लगायतका संगठनहरुमा अन्य पार्टीबाट आउने नेता कार्यकर्ताको क्रम बढ्न थालेको छ ।

# दाहाल सरकारको दमनका विरुद्ध क्रान्तिकारी माओवादीको प्रतिरोध

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेकपा (क्रान्तिकारी माओवादी)ले देशव्यापी रुपमा चलाएको 'एक हजार आर्थिक सहयोग'को स्वेच्छिक कुपन अभियानलाई पुष्पकमल दाहाल नेतृत्वको सरकारले हस्तक्षेप गरेपछि सरकारप्रति क्रान्तिकारी माओवादी क्रूद्ध बनेको छ । बुधबार बागबजारबाट पूर्व सभासद् समेत रहेका पार्टीका केन्द्रीय सदस्य शिवराम यादव, अखिल क्रान्तिकारीका सहसंयोजक राम नेपाली, केन्द्रीय सदस्यहरु महेश श्रेष्ठ र दीपेन्द्र गहतराजलाई अपहरण शैलीमा गिरफ्तार गरेर अवैध चन्दा असुलीको मुद्दा चलाएपछि क्रान्तिकारी माओवादी क्रूद्ध बनेको हो ।

**दमन र प्रतिरोधको श्रृङ्खला**

पार्टीका नेता कार्यकर्ताहरु गिरफ्तार परेलगत्तै क्रान्तिकारी माओवादीका बरिष्ठ नेता सिपी गजुरेल अनामनगरमा रहेको प्रहरी वृतमा पुगे र गिरफ्तारमा परेका नेता कार्यकर्ताहरुलाई छाड्न डिएस्पी र एसएसपी महेश विक्रम थापालाई भने । तर उनीहरुले माथिको आदेश भन्दै छाड्न मानेनन् । गृहमन्त्रीलाई समेत फोन गरेर छाड्न अनुरोध गर्दा



नछाडिएपछि प्रधानमन्त्री दाहाललाई समेत भेटेरै छाड्न अनुरोध गरियो तर दाहाल सरकारले उल्टै झुठ्ठा मुद्दा दायर गरेर नेता कार्यकर्तालाई जेल हाल्ने षड्यन्त्र गरेको थाहा पाएपछि क्रान्तिकारी माओवादीले संघर्षको कार्यक्रम घोषणा गऱ्यो ।

झुठ्ठा मुद्दाको खारेजी र नेता कार्यकर्ताको रिहाइको माग गर्दै क्रान्तिकारी माओवादीको नेवा राज्यले बिहीबार पत्रकार सम्मेलन गरी चक्काजामदेखि उपत्यका बन्दसम्मको संघर्षका कार्यक्रम घोषणा गऱ्यो । घोषित कार्यक्रम अनुसार शुक्रबार (७ गते) विहान १०-११ बजे एक घण्टा चक्काजाम गर्ने, शनिबार ... बाँकी ८ पेजमा

## पत्रकारहरुसँग क्रान्तिकारी माओवादीको अन्तर्क्रिया

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

बुधबार काठमाडौं कमलपोखरीस्थित होटल कमलमा नेकपा (क्रान्तिकारी माओवादी)ले पत्रकारहरुसँग भेटघाट अन्तर्क्रिया कार्यक्रम राख्यो । अन्तर्क्रियामा क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण', पार्टीका बरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सिपी गजुरेल, पार्टी प्रवक्ता हरिभक्त कँडेल, पार्टीका कार्यालय सदस्य तथा प्रकाशन विभाग प्रमुख रामसिंह श्रीस, पार्टी कार्यालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा'सागर'को उपस्थिति रहेको थियो भने पत्रकारहरु नागरिक दैनिकका रुद्र खड्का, राससका किरण भट्टराई, न्यूज कोसेली डटकमका सम्पादक केदार गौतम, नेपाल खबरका राजु स्याङतान, कान्तिपुर दैनिकका बसन्त बस्नेत, कारोबार दैनिकका धर्मेन्द्र कर्ण, रेडियो थाहासञ्चारका दीपेन्द्र कुँवर, क्यानाडा नेपाल टिभीका सन्तोष निरौला, हिमशिखर टिभीका विनोद कटुवाल, नेपाल एजेन्सी नेपालका सुरज प्रधान, क्रान्तिकारी पत्रकार महासंघका महासचिव केशरमणि कटुवाल, इमेज टिभीका उत्तम मानन्धर, नेपाल खबरका विशेष संवाददाता चन्द्रलाल गिरी, रातोपाटीकी आस्था केसी र क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतको उपस्थिति रहेको थियो ।

खुल्लारुपमा अन्तर्क्रियाको सञ्चालन गरियो । पत्रकारहरुले क्रान्तिकारी माओवादीको निर्भिक रुपमा आलोचना गरे, सुझाव र जिज्ञासा राखे । क्रान्तिकारी माओवादीका नेताहरुले पनि खुल्ला रुपमा मिडिया र पत्रकारहरुप्रति लागेका कुरा राखे । विशेषगरी क्रान्तिकारी माओवादीका नेताहरुले दुईवटा सुझाव दिए पत्रकार हरुलाई : समाचार दिंदा पार्टीको नाम र काम स्पष्ट लेखिदिनु पऱ्यो । संविधानसभा बहिष्कारदेखि वर्तमान संविधान नमान्ने शक्तिमध्ये प्रमुख पार्टी रहेकोले संविधान संशोधन होइन, खारेजीको गर्नुपर्छ र पुनर्लेखन गर्नुपर्छ भन्ने विषय स्पष्ट रुपमा लेखिदिन । पत्रकारहरुले पनि कार्यक्रम गर्दा समयलाई ध्यान दिन, प्रमुख अतिथिलाई सुरुमै बोल्न दिनुपर्ने, पार्टीका नीतिहरु स्पष्टका साथ राख्नुपर्ने र मिडियामैत्री वातावरण पैदा गर्नुपर्ने लगायतका सुझावहरु राखेका थिए ।

अन्तर्क्रियापछि बसेको क्रान्तिकारी माओवादीको समीक्षा बैठकले अन्तर्क्रियाले क्रान्तिकारी माओवादीप्रति रहेका कतिपय भ्रमहरु साफ गर्न मद्दत गरेको र पत्रकारहरुले राखेका कतिपय सुझावहरु महत्वपूर्ण रहेको ठहर गर्दै यस्ता अन्तर्क्रिया कार्यक्रमलाई निरन्तरता दिनुपर्ने निष्कर्ष निकालेको थियो । स्मरण रहोस् कि संविधानसभाको बहिस्कार गरेदेखि नै नेपालका ठूला मिडिया हाउसले क्रान्तिकारी माओवादीका समाचारलाई ब्ल्याक आउट गर्ने, समाचार दिएपनि बंग्याएर दिने गर्दै आएको छ ।

## अलमलमा संविधान संशोधन प्रक्रिया

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

संविधानका पक्षधर दलहरुबीच संविधान संशोधन गर्ने कि नगर्ने भन्ने विषयमा अलमल देखिएको छ । सरकारको नेतृत्व गरिरहेको माओवादी केन्द्र (माके) संविधान संशोधन गर्नुपर्ने पक्षमा देखिएको छ भने सरकारको मुख्य घटक नेपाली काँग्रेसभित्र नै संविधान संशोधन गर्ने विषयमा फरक फरक धारणाहरु आइरहेका छन् ।

काँग्रेसबाट सरकारमा सामेल नेताहरुले संविधान संशोधन गरेर मधेसवादी दलका माग सम्बोधन गर्नुपर्ने बताएका छन् भने सरकारमा नरहेका नेताहरु एमाले बिना संविधान संशोधन नहुने भन्दै घुमाउरो रुपमा त्यसको विरोध गरिरहेका छन् ।

आइतबारमात्रै उप्रधान तथा गृहमन्त्री विमलेन्द्र निधीले सरकारले संविधान संशोधनको तयारी गरेको बताएका छन् । अब आन्दोलन नभई संविधान ंशोधन र कार्यान्वयन मुख्य जिम्मेवारी भएको बताए ।

सरकाले दशैंअघि नै संविधान संशोधन विधेयक संसदमा दर्ता गर्ने तयारी गरेको भएपनि दलीय सहमति जुट्न सम्भावना कमजोर देखिएको छ । काँग्रेस नेता चन्द्र भण्डारीले प्रमुख राजनीतिक दलको सहमतिबिना संविधान संशोधन हुन नसक्ने र एमाले बिना त संविधान संशोधन नै हुन नसक्ने भन्दै सहमति गर्न सुझाव दिएका छन् ।

प्रदेशको सीमांकन त्यहाँका जनतालाई सोधेर गर्नुपर्ने उल्लेख गर्दै उनले कुन क्षेत्रका जनता कहाँ बस्छन् भन्ने कुरा अरु कसैले निर्णय गर्ने कुरा नभएको बताए । यता, नेकपा एमालेले त अरु कसैको स्वार्थपूर्तिका लागि संविधान संशोधन हुन नसक्ने स्पष्ट पारिसकेको छ । एमालेले संविधानको रक्षा र कार्यान्वयनका लागि एकजुट हुनुपर्ने निष्कर्ष निकाल्दै संविधान संशोधनको विपक्षमा उभिने संकेत गरेपछि सरकारले प्रस्ताव नै ल्याएपनि संविधान संशोधन हुने सम्भावना तत्काललाई देखिएको छैन । एमालेले खासगरी मधेसवादी पार्टीको माग अनुसार नागरिकतालगायतका प्रावधानमा संशोधन हुन नसक्ने बताउँदै आएको छ । यसैगरी एमालेले जनसंख्यालाई आधार मान्ने नाममा भूगोललाई समाप्त पार्ने काम हुन नदिने समेत बताएको छ । संविधान संशोधन प्रक्रिया अघि बढाउनका लागि भन्दै प्रधानमन्त्री तथा माओवादी केन्द्रका ... बाँकी ८ पेजमा

## संयुक्त मोर्चा निर्माणको महत्व र यसको कार्यभार

**थालनी**

यही २०७३ भदौ २६ र २७ गते नेकपा (क्रान्तिकारी माओवादी) ले देशैभरिका नेता कार्यकर्ताहरुको राष्ट्रिय भेला गरी क्रान्तिकारी संयुक्त मोर्चा "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल"को गठन गरेको छ । संयुक्त मोर्चा गठन प्रक्रिया र त्यसको आगामी कामबारे मोर्चाका अध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी)का वरिष्ठ नेता सिपी गजुरेलले पत्रकार भेटघाट गरी सार्वजनिक गरिसक्नुभएको छ । राष्ट्रिय भेला मार्फत् गरिएको संयुक्त मोर्चा निर्माणको नेपाली राजनीतिमा विभिन्न कोणबाट केही जिज्ञासा र टिकाटिप्पणी सुरु भएका छन् । यसलाई स्वभाविक रुपमा लिन सकिन्छ तथापि मोर्चाको नीति र कार्यक्रम सार्वजनिक भइसकेपछि नेपालको राजनीतिक फाँटमा यसको वास्तविक महत्व र आवश्यकताका बारेमा थप खुला बहस र छलफलले यसको वास्तविक मर्म अरु स्पष्ट हुनेछ । प्रतिक्रियावाद र विभिन्नखाले अवसरवादी कित्ताबाट खडा गरिने भ्रम संकीर्णता र अपख्याख्याको पनि आवश्यक चिरफारसहित स्पष्ट गरिनेछ ।



हरिभक्त कँडेल 'प्रतीक'

**वर्तमान अवस्था**

नेपालका दुई ठूला देशका बीचमा भूपरिवेष्ठित भौगोलिक धरातलमा खडा भएको एउटा सुन्दर र प्राकृतिक स्रोत साधनले सम्पन्न राष्ट्र हो । यो बाहिरी प्रतिक्रियावादी शक्तिहरु साम्राज्यवाद र विस्तारवाद आन्तरिक रुपमा दलाल नोकरशाह पुँजीपति र सामन्तवर्गको शोषण, दमन र उत्पीडनको चपेटामा आक्रान्त छ । सन् १९१६ को सुगौली सन्धी, विभिन्न समयमा बनेका सरकारहरुले छिमेकी देश भारतसँग गरेका असमान राष्ट्रघाती सन्धीसम्झौताहरु र अन्य साम्राज्यवादी मुलुकको गिद्देदृष्टिसहितको चलखेलले नेपाल र नेपाली जनतालाई स्वतन्त्र र स्वाभिमानीपूर्ण तरिकाले विकास निर्माण र आत्मनिर्भर अर्थतन्त्रको निर्माण एवम् विकास गर्नमा ठूलो व्यवधान खडा भएको छ । मुलुक अहिले पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा नै जकडिएको छ । राज्यसत्ता अहिले यथास्थितिवादी र प्रतिगमनकारीहरुकै हातमा रहेकोले महान जनयुद्ध र त्यसको आडमा चलेको ऐतिहासिक जनआन्दोलनले प्राप्त गरेको गणतन्त्र जनताको गणतन्त्र बन्न सकेको छैन । गणतन्त्र कस्तो र कसको बनाउने भन्ने छिनाझपटी चलिरहेपनि अहिलेसम्म प्रतिक्रियावादी गणतन्त्रकै रुपमा निरन्तरता पाएको छ । सर्वहारा वर्गको नेतृत्वमा सम्पन्न हुने पुँजीवादी जनवादी क्रान्तिले मात्र राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता सुनिश्चिततामा देशलाई अग्रगमनतर्फ लैजान सकिन्छ ।

एक दशकसम्म चलेको महान् जनयुद्धले जुन उच्चता हासिल गरेको थियो, नेकपा (क्रान्तिकारी माओवादी) को चुन्वाङ्ग बैठक, १२ बुँदे सहमति र त्यसपछि भएका पटक-पटकका आत्मसमर्पणबाट प्राप्त उपलब्धीहरु जनसत्ता, जनअदालत, संयुक्त मोर्चा र पछि जनमुक्ति सेना लगायतका सबै विषयहरु विघटित र विसर्जन गरिए । मुख्यतः मूल नेतृत्व राष्ट्रिय तथा वर्गीय आत्मसपर्मणवादी विचलन भई नवसंशोधनवादी भासमा पुग्यो । क्रान्तिलाई निरन्तरता दिने कुरा त के ? क्रान्तिको नेतृत्व गरेका नेता प्रचण्ड र उनको मण्डलीले प्रतिक्रान्तिको निरन्तरता दिँदै प्रतिगमनको बाटोमा नाङ्गो ढंगले उत्रन पुगे । अहिले भर्खर प्रचण्डको नेतृत्वमा भएको सरकार परिवर्तन र भारतसँग गरेको राष्ट्रघाती सहमतिमा ल्याप्चे ठोकेको प्रमाण यथेष्ट छ । क्रान्ति बीचैमा तुहिएकोले राष्ट्रिय राजनीतिको संकट झन्झन् गहिरिँदै छ ।

दिनदिनैको आकाशिंदो महंगी, भ्रष्टाचार र कमिशनको खेलले संस्थागत रुप लिएको छ । जनजीविकाको प्रश्नमा यदाकदा हुने आन्दोलन र विरोध प्रदर्शनले उल्लेख्य प्रभाव दिन सकेको छैन । कमिशनखोर, भ्रष्टाचारी र दलालहरु झन् हौसिदै उपभोक्तामाथि प्रहार गरिरहेका छन् । सरकार स्वयं कमिशन र भ्रष्टाचारीहरुसँग मिलेमतो राखेको देखिन्छ । ... बाँकी ७ पेजमा

## सम्पादकीय

### क्रान्तिकारी माओवादीको आर्थिक अभियान र राज्यको हस्तक्षेप

नेकपा (क्रान्तिकारी माओवादी)ले देशव्यापी रुपमा रु. १ हजारको आर्थिक सहयोग अभियान चलाएको छ । पार्टी केन्द्रीय कार्यालयले एकद्वार प्रणालीबाट संचलित अभियान यो अभियान कडा आर्थिक अनुशासनमा आधारित रहेर चलाइएको छ । संकलित रकम दुरुपयोग नहोस् भनेर हजारको कुपन छापेर यो अभियान चलाइएको छ भने वितरित सबै कुपनको रेकर्ड केन्द्रीय कार्यालयमा राखिएको छ । विगतमा पार्टीभित्र देखिएको आर्थिक अराजकतालाई नियन्त्रण गर्न यसो गरिएको क्रान्तिकारी माओवादीले जनाएको छ ।

यही कुपन अभियानको क्रममा बागबजार क्षेत्रबाट बुधबार पार्टीका केन्द्रीय सदस्य शिवराम यादव, अखिल क्रान्तिकारीका सहसंयोजक राम नेपाली, केन्द्रीय सदस्यद्वय महेश श्रेष्ठ र दीपेन्द्र गहतराजलाई प्रहरीले अपहरण शैलीमा गिरफ्तार गऱ्यो । थुनामा राखिदा पनि राजनीतिक बन्दीलाई जस्तो व्यवहार गरिएन र अवैध चन्दा असुलीको झुठ्ठा मुद्दा लगाइयो । थुनाभित्रै उनीहरुले सुरु गरेको आमरण अनसन र बाहिर क्रान्तिकारी माओवादीले उपत्यका बन्दलगायत घोषणा गरेको संघर्षको कार्यक्रमको दबाबमा परी राज्य उनीहरुलाई रिहाइ गर्न बाध्य भयो ।

नेपालमा जति पनि राजनीतिक पार्टीहरु छन् ति सबै चन्दाकै भरमा टिकेका छन् । यसर्थ, राजनीतिक पार्टीहरुले चन्दा सहयोग उठाउनु स्वभाविक विषय हो । ठूला भनाउँदा भन्ने पार्टीहरुले त लाखौंदेखि करोडौंसम्म यस्ता चन्दा उद्योगी व्यावसायीहरुसँग लिने गर्दछन् । अझ राज्यशक्तिमा भएका पार्टीहरुले राज्यशक्तिकै दुरुपयोग गरेर अरबौं अरब भ्रष्टाचार गरेर पार्टी र व्यक्तिहरुलाई पोसाउने गरेका छन् । राजनीतिक शक्ति र व्यक्तिहरुकै कारण राज्यका हरेक निकायमा भ्रष्टाचार संस्थागतरुपमा मौलाउँदो छ । त्यसमाथि अहिलेका सत्तारुढ कांग्रेस र माके त भ्रष्टाचारले बद्नाम भएका पार्टीहरु मात्रै होइन, चन्दा असुलीमा पनि उनीहरु धेरै अगाडि छन् । त्यसका हजार प्रमाणहरु यत्रतत्र भेटिन्छन् । यिनै पार्टीहरुले अहिले क्रान्तिकारी माओवादीले चलाएको हजारको स्वेच्छिक कुपन अभियानलाई हस्तक्षेप गरेर अवैध चन्दा असुलीको मुद्दा लगाउनुको अर्थ के हो ? के एकछत्र लुट मच्चाउन पाउनुपर्छ भन्न खोजेको हो ?

क्रान्तिकारी माओवादीबाट दक्षिणपन्थी अवसरवादी गुट प्रचण्डको पार्टीमा विलय भएपछि क्रान्तिकारी माओवादीका नेताहरु वैचारिक, राजनीतिक, सांगठानिक र आर्थिक कामलाई मुख्य प्राथमिकतामा राखेर क्रान्ति गर्न लायक पार्टी बनाउने अभियानमा जुटेका छन् । समकालीन राजनीतिक पार्टीहरुको आर्थिक अवस्थाका दृष्टिले हेर्ने हो भने क्रान्तिकारी माओवादीले नै सबैभन्दा ठूलो आर्थिक संकट व्यहोरिरहेको छ । हजारको कुपन अभियानसँगै नेकपा (क्रान्तिकारी माओवादी)ले सहयोगकर्तालाई दिइने अपीलमा उनले स्पष्टसँग भनेका छन्, “संगठन र संघर्षका कामलाई व्यवस्थित तुल्याउने काम आर्थिक रुपले अभिन्न रुपमा गाँसिएको छ । हामी आर्थिक क्षेत्रमा आत्मनिर्भर तथा उत्पादनमुखी बन्न र कठोर परिश्रमका साथ अगाडि बढ्न चाहन्छौं ।” आर्थिक सहयोगको आवश्यकताबारे वर्तमान राष्ट्रिय राजनीतिको चर्चा गर्दै उनले भनेका छन्, “हामीले देश बचाउन तथा आमूल परिवर्तनको दिशामा अघि बढ्न र प्रतिक्रियावादी तथा संशोधनवादीहरुद्वारा तेर्स्याइएका चुनौतीहरुको सामना गर्नका लागि आफ्नो सिंगो पार्टीपंक्ति र शुभचिन्तक मित्रहरुसित विशिष्ट स्थितिमा मात्र सञ्चालन गरिने विशेष अभियानका रुपमा रु. १ हजारको सहयोगको अपेक्षा गरेका छौं ।”

क्रान्तिकारी माओवादीले खुल्ला र स्पष्ट रुपमा चलाएको यो हजारको कुपन अभियानबाट दाहाल सरकार आतंकित बन्नुपर्ने कुनै कारण देखिन्न । तथापि दाहाल र दाहालको पार्टी माओवादी केन्द्र क्रान्तिकारी माओवादीलाई सवल र सक्षम भएको हेर्न चाहँदैन । ऊ सकेसम्मको शक्ति प्रयोग गरेर क्रान्तिकारी माओवादीलाई घेराबन्दी गर्ने र सिद्धाउने प्रयत्नमा छ । हजार अभियानमाथिको हस्तक्षेपलाई पनि क्रान्तिकारी माओवादीका नेताहरुले त्यही अर्थमा बुझेको देखिन्छ ।

**परिवर्तनको सम्वाहक**

मूलबाटो

**सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्ने र पढ्ने गरौं ।**

www.moolbato.com

# व्यवहारवाद, अनुभववाद र श्रद्धावादबारे केही कुरा



– हस्तबहादुर केसी

अनुभववादको विकृतिको रुपमा कम्युनिस्ट आन्दोलनमा श्रद्धावाद र शंकावाद प्रकट हुने गर्दछ । श्रद्धावाद अतिविश्वास वा अन्धविश्वासमा आधारित रही आस्थावादी बन्न पुग्दछ । अन्ततः यसको क्रमशः नियतिवाद र अज्ञेयवादमा पतन हुन् पुग्दछ । ... अनुभववादको शाब्दिक अर्थ हो- इन्द्रियजन्य ज्ञान र संवेदनालाई सबैथोक मान्नु र सिद्धान्तको महत्व अस्वीकार गर्नु ।

श्रद्धावाद, व्यवहारवाद र अनुभववाद यी तीनवटै पदावलीहरु दर्शनसित अन्तरसम्बन्धित रहेका छन् र यी तीनवटै पदावलीहरु दर्शन अन्तरगत पनि मार्क्सवादी दर्शन विरोधी धारा अन्तरगत रहेका छन् । दर्शनका क्षेत्रमा यी तीनवटै पदावलीहरु आदर्शवादी धारा अन्तर्गत पर्दैछन् ।

श्रद्धावादः नेपाली शब्दकोषमा श्रद्धा भनेको देवी देवता वा मान्यजनप्रतिको आस्था, निष्ठा तथा भक्तिलाई जनाउने भन्ने उल्लेख गरिएको छ । यसै श्रद्धा पदावलीबाट श्रद्धावाद हुन गएको हो । यो चरम सामन्तवादी संस्कृति र चिन्तनको पराकाष्ठा हो । यसले आफूभन्दा माथिको व्यक्तिको बारेमा गुणगान गाउने, उसले कुनै गल्ती नै गर्दैन, गल्ती नै गरिहाले पनि उसले आलोचना वा विरोध गर्नु हुन्न भन्ने ईश्वरीय चिन्तनमा आधारित रहेको छ । देवी-देवता, राजा-महाराजा र ठूलाबढा एवम् मान्यजनहरुलाई पुजेर राख्नु पर्दछ, उनीहरुको विरोध र आलोचना गर्दा पाप लाग्दछ भन्ने ईश्वरीय चिन्तन प्रवृत्तिबाट श्रद्धावादको विकास हुन पुगेको हो ।

श्रद्धावाद व्यक्तिपूजासँग अन्तरसम्बन्धित रहँदै आएको छ । जस्तो कि कुनै वरिष्ठ नेता वा व्यक्तिको अन्धभक्ति, उसका गुणहरुको अतिशयोक्तिपूर्ण मूल्याङ्कन, ऐतिहासिक व्यक्तित्वको आवश्यकता भन्दा बढि सम्मान र प्रशंसा गर्ने कुरामा जोड दिने प्रवृत्ति नै व्यक्तिपूजावादी प्रवृत्ति हो । यो व्यक्तिवादको सबैभन्दा चरम रुप हो । व्यक्तिपूजावादी प्रवृत्तिको सैद्धान्तिक आधार आदर्शवादी र संकल्पवादी दृष्टिकोण हुन्छ । यसले व्यक्तिका नकारात्मक पक्षहरु लुकाउने, सकारात्मक पक्षहरु मात्रै देखाउन जोड दिने काम गर्दछ । जस्तो दश वर्षको जनयुद्धको प्रक्रिया अन्तर्गत नेकपा (माओवादी)ले तत्कालिन अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई प्रचण्डपथको पगरी गुथाइ दिएको थियो र प्रचण्डका सबै नकारात्मक पक्षहरुलाई लुकाइ दिएर उनको गुणगान गाउने काम भएको थियो । त्यो श्रद्धावादी, व्यक्तिवादी पूजाको पराकाष्ठा थियो र देवत्वकरणको एक नमुना थियो । यसले व्यक्तिलाई तथाकथित ईश्वर बनाउने प्रवृत्तिको विकास गर्छ । पछि प्रचण्ड वैचारिक धरातलबाट विचलित भएर खस्दै गएर रुपान्तरण हुनै नसक्ने अवस्थामा पुगेपछि, २०६९ असर २ - ५ मा सम्पन्न नेकपा-माओवादीको बौद्ध भेलाले पारित गरेको राजनीतिक प्रतिवेदनमा तत्कालिन अवस्थामा प्रचण्डप्रति गरिएको श्रद्धावाद गल्ती थियो भनेर स्वीकार गरिएको छ । माओले व्यक्ति पूजा र पुस्तक पूजाको विरोध गर भनेर उर्दी समेत जारी गर्नुभएको थियो ।

इतिहासका निर्माता जनता हुन् भन्ने कुरा भुलेर इतिहासका वस्तुगत नियमहरुमाथि पर्दा हालेर महापुरुषले इतिहासको निर्माण गर्दछ भन्ने धारणा फैलाउनु व्यक्तिपूजाको मुख्य विशेषता हो । दस वर्षे जनयुद्धकालीन अवस्थामा प्रचण्डमाथि यही प्रवृत्ति र चिन्तन फैलाइएको थियो तर समयक्रममा त्यो गलत साबित हुन गयो । श्रद्धावादको सम्बन्ध आदर्शवादी बुद्धिवाद र अनुभववादसित रहेको हुन्छ । बृद्धिवादले वस्तुगत जगतलाई ज्ञानको भरपर्दो र मुख्य श्रोत मान्दैन । ज्ञान सिद्धान्तका दुई हांगा हुन्- ती हुन् बुद्धिवाद र अनुभववाद । बुद्धिवाद र अनुभववाद आदर्शवादी र भौतिकवादी दुवै हुन्छन् । बुद्धिवादी ज्ञान सिद्धान्तअनुसार आत्मपरक चेतना नै ज्ञानको भरपर्दो स्रोत हो । जडसूत्रवादको जन्म पनि बुद्धिवादबाट नै हुन्छ । कम्युनिस्ट पार्टीभित्रका श्रद्धावादीहरुले सर्वहारा वर्गको क्रान्तिकारी चरित्र अनुरुप अगाडि बढ्न चाहँदैनन् र क्रान्तिकारीहरुको एकतामा फुट पारी अवसरवादी तत्वहरुको हितलाई जोगाई राख्न खोज्दछन् । यिनले दिमागमा आदर्शवादी दर्शनलाई लुकाएर मुखले मार्क्सवादी दर्शन वा क्रान्तिकारी विचारधाराको वकालत गर्दछन् । श्रद्धावादले अवैज्ञानिक र झुट कुराहरुलाई फल्नफूल्न दिइ जोगाएर राख्छन् । श्रद्धावादले ग्रस्त मानिसहरु यस्ता हुन्छन्, जसमा द्वन्द्वात्मक ढंगले होइन यान्त्रिक ढंगले सोच्ने र मार्क्सवादी-लेनिनवादी-माओवादी सिद्धान्तलाई किताबी सूत्रको रुपमा सम्झने प्रवृत्ति देखाउँछन् । श्रद्धावादीहरु व्यक्तिवादी र अन्तमा तानाशाही बन्न पुग्दछन्, उनीहरुबाट संगठन सम्बन्धी मार्क्सवादी परिवेश अर्थात् जनवादी केन्द्रीयता र आलोचना, आत्मालोचना गर्ने प्रक्रियाबाट क्रमशः लोप हुँदै जान्छन् । उनीहरु भ्रष्ट बन्दै जाने या ज्यादै निराश तथा पलायनवादी भएर हराउन सक्छन् ।

श्रद्धावादले कम्युनिस्ट पार्टी तथा क्रान्तिलाई समेत ठूलो धोका दिन्छ र क्षति पुऱ्याउँछ र जो कि जनयुद्धको प्रक्रियाअन्तर्गत नेकपा (माओवादी) भित्र प्रचण्डमाथि श्रद्धावादको प्रयोग जुन गरियो त्यसले नेपाली कम्युनिस्ट आन्दोलन र नेपाली क्रान्तिलाई गम्भीर प्रकारको क्षति पुग्न गएको यर्थाथता हाम्रासामु जिवितै छ ।

व्यवहारवाद दर्शनका क्षेत्रमा प्रयोग हुने गरेको चर्चित पदावली हो । दर्शनको क्षेत्रमा व्यवहार पदावलीको विशेष अर्थ र महत्व हुन्छ । मार्क्सवादले व्यवहारलाई ज्ञानको स्रोत र कसौटी मान्दछ । क. माओले ‘व्यवहारबारे’ शीर्षकमा एउटा महत्वपूर्ण दार्शनिक निबन्ध पनि लेख्नु भएको छ तर व्यवहारवाद मार्क्सवादी ज्ञानसिद्धान्तको विपरीत ध्रुवमा खडा भएको छ । यहाँनेर बुझ्नु पर्ने वास्तविक कुरा के हो भने व्यवहार र व्यवहारावादबारे ठूलो अन्तर छ ।

व्यवहारवाद उसको सारतत्वमा आदर्शवादको एउटा विशिष्ट रुप हो । दार्शनिक फाँटमा व्यवहारवादका मुख्य प्रवर्तक अमेरिकी चिन्तक विलियम जेम्स हुन् । व्यवहारवादलाई अँग्रेजीमा प्राग्म्याजिटिज्म अर्थात व्यवहारिक क्रियाकलापको दर्शन भनिन्छ । कतिपय विचारकहरुले यसलाई प्रयोजनवाद पनि भन्ने गर्दछन् । व्यवहारवादले सिद्धान्तको महत्वलाई अस्वीकार गर्दछ र केवल व्यवहारमा मात्र जोड दिन्छ । सारतः यसले आदर्शवादप्रतिकै पक्षधरतामा जोड दिन्छ । व्यवहारवादले भन्ने गरेको व्यवहार वस्तुगत अर्थात् नभई मनोगत अनुभव हो । व्यवहारवादी मान्यता अनुसार सत्यको कसौटी व्यवहार होइन, उपयोगिता हो । व्यवहारवादी दर्शनका अनुसार जुन वस्तु उपयोगी छ, त्यो सत्य हुन्छ, जुन वस्तु सत्य छ त्यो उपयोगी हुन्छ । व्यवहारवादी दर्शन अनुसार सत्यको कसौटी व्यवहार होइन भन्ने मान्दछ । व्यवहारवादले व्यक्तिवाद र उदारवादको पक्षपोषण गर्दछ । यो जनताको जनवाद, समाजवाद एवम् साम्यवादको पूर्णविरोधी रहेको छ । व्यवहारवादीहरुका दृष्टिमा समाजवादलाई बदल्न सकिँदैन भन्ने मान्यता रहँदै आएको छ । किनकि उनीहरुका लागि यो संसार, जीवन र जगत सबै अज्ञेय छन्, संसार, समाज र त्यसका नियमहरु बोधगम्य छैनन् भन्ने दृष्टिकोण व्यवहारवादीहरुले राख्ने गर्दछन् । बाबुराम भट्टराई यही चिन्तिनबाट विचलित हुँदै मार्क्सवाद परित्याग गर्न पुगेको दृष्टान्त हामीसितै छ ।

यहाँनेर बुझ्नु पर्ने कुर के हो भने व्यवहारवाद पुँजीवादी दर्शनको एउटा रुप हो । दक्षिणपन्थी संशोधनवादीहरु, सुधारवादीहरु र वर्गसमन्वयवादीहरुले मार्क्सवादी सिद्धान्तलाई जडसूत्रवाद र त्यसको पक्षपोषण गर्ने क्रान्तिकारी कम्युनिस्टहरु माथि जडसूत्रवादी भएको आरोप लगाउने गर्दछन् । उनीहरुले मार्क्सवाद-लेनिनवाद-माओवाद वर्गसंघर्ष, सर्वहारावर्गको अधिनायकत्व सशस्त्र संघर्ष आदि विषयको सैद्धान्तिक महत्वको कुरालाई निस्तेज पार्दै लैजान्छन् । त्यही व्यवहारवादी चिन्तन प्रवृत्तिले नै बाबुरामलाई नयाँ शक्तिमा पुऱ्याएको घटनाक्रमहरु ताजै छ । यो प्रवृत्ति र चिन्तन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र स्वयम् नेपाली कम्युनिस्ट आन्दोलनमा प्रभावी बन्दै आएको छ ।

मार्क्सवादी मान्यता अनुसार सिद्धान्त र व्यवहार दुवैको विशिष्ट अर्थ छ । समग्रतामा ज्ञान सिद्धान्त व्यवहार र सिद्धान्तको द्वन्द्वात्मक एकत्वमा आधारित रहेको हुन्छ । व्यवहारवाद मार्क्सवादी ज्ञान सिद्धान्तको पुरै विरोधी रहेको छ । ज्ञान सिद्धान्तको क्षेत्रमा सिद्धान्तलाई जडसूत्र र व्यवहारलाई मनोगत क्रियाकलापको अर्थमा ग्रहण गर्नु नितान्त लगत र अवैज्ञानिक चिन्तन हो र सच्चा मार्क्सवादी कम्युनिस्ट क्रान्तिकारीहरु जडसूत्रवाद र व्यवहारवाद दुवैका विरोधी हुन्छन् । मार्क्सवादी क्रान्तिकारीहरुले यसको डटेर विरोध गर्नु पर्दछ ।

अतः नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको गन्तव्यतर्फ अगाडि बढ्न महान ऐतिहासिक कार्यभार पूरा गर्नका लागि हामी माओवादी क्रान्तिकारीहरुले दर्शनको क्षेत्रमा व्यवहारवादको विरोध र द्वन्द्वात्मक भौतिकवादको दृढतापूर्वक पक्षपोषण गर्न जरुरी छ । नेपाली क्रान्तिको यो द्वन्द्ववादलाई गरिहो गरी हृदयङ्गम नगरी हामीले महान् नेपाली क्रान्तिको ऐतिहासिक कार्यभार पूरा गर्न सक्तैनौं ।

अनुभववाद ज्ञानसिद्धान्तको एउटा धारा हो । यसले इन्द्रियजन्य ज्ञानलाई नै ज्ञानको एक मात्र स्रोत मान्दछ र इन्द्रियजन्य ज्ञानको विवेकजन्य ज्ञानमा रुपान्तरण हुने र त्यसलाई व्यवहारद्वारा पुष्टि गर्नुपर्ने आवश्यकतालाई अस्वीकार गर्दछ । यसले सम्पूर्ण ज्ञान अनुभवमाथि निर्भर गर्दछ भन्ने मान्दछ । आदर्शवादी अनुभववाद, जसलाई अतर्कबुद्धिवाद पनि भन्दछन् । यसका प्रवक्ता मुख्यत बन्कले र ह्युम हुन् । उनीहरुका दृष्टिमा ज्ञानको स्रोत अनुभव हो ।

अनुभववाद यान्त्रिक भौत्तिकवादी त्रान सिद्धान्तसीत अन्तरसम्बन्धित छ । यान्त्रिकभौतिक अनुभववादीहरु अनुभवलाई ज्ञानको अन्य आधार मान्दछन् अनुभववादको विकसित रुप व्यवहारवाद हो । अनुभववादमा अन्धनक्कल वा यान्त्रिक अनुकरणको चिन्तन पनि पाइन्छ । अनुभववाद वा व्यवहारवादले संशोधनवादी वा पुँजीवादी विचार र सिद्धान्तहरुको भद्धा अनुकरण गर्दछ ।

अनुभववादको विकृतिको रुपमा कम्युनिस्ट आन्दोलनमा श्रद्धावाद र शंकावाद प्रकट हुने गर्दछ । श्रद्धावाद अतिविश्वास वा अन्धविश्वासमा आधारित रही आस्थावादी बन्न पुग्दछ । अन्ततः यसको क्रमशः नियतिवाद र अज्ञेयवादमा पतन हुन् पुग्दछ । अनुभववादका कमजोरीहरु हुन्- इन्द्रियजन्य समवेदन र अनुभवको भूमिकालाई एकपक्षीय रुपले अतिरञ्जित पारेर पेश गर्नु, वैज्ञानिक अवधारणा र सिद्धान्तको भूमिकाको अवमूल्यन गर्नु, चिन्तनको सक्रिय भूमिकालाई नकार्नु र एक पटक अनुभव गरेको कुरा सबै परिस्थिति, सबै अवस्था र जनुसुकै बेलामा पनि लागू हुन्छ भनेर जोड गर्नु तथा ठोस परिस्थितिको ठोस विश्लेषणको आवश्यकतालाई नकार्नु हो । अनुभववादको शाब्दिक अर्थ हो- इन्द्रियजन्य ज्ञान र संवेदनालाई सबैथोक मान्नु र सिद्धान्तको महत्व अस्वीकार गर्नु ।

यही श्रद्धावाद, व्यवहारवाद र अनुभववाद पनि नेपाली कम्युनिस्ट आन्दोलनको एक कालखण्डमा प्रचण्ड-बाबुराममा सैद्धान्तिक विचलन पैदा भएर नवसंशोधनवादमा पतन हुने कारकतत्व बन्न पुग्यो । अन्य क्रान्तिकारीहरुले यसबाट पाठ सिक्न जरुरी छ ।

वडादशै २०७३ को अवसरमा हाम्रा सेवाग्राहीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रो. रमेश बोहरा**

**आर.एस.बि. अटो पार्टस**, एण्ड अटो इलेक्ट्रिकल वर्कशप

लोकन्थली-१६, भक्तपुर

इमेल : rameshbohara123@yahoo.com

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# इतिहासबाट पाठ सिकौं र जनाधार दह्रो पारौं !

हामी, न्यायप्रेमी, स्वतन्त्रकामी, तमाम् क्रान्तिकारी जनसमुदाय, ती दुष्ट कुकर्मीहरुको दुरासायपूर्ण हर्कतप्रतिको जन-आक्रोसलाई क्रान्तिकारी आँधिबेहरीमा परिणत गरी, त्यस्ता हरामखोरहरुलाई बहुला कुकुरलाई लखेट्याभैं लखेटेर धुलो चटाउदैं, अर्का भारतिय विस्तारवादका पाल्तु कुकुर (दलाल) ती प्रतिकृयावादी सत्तासिनहरुको देश तथा जनविरोधी राज्यसत्ता ध्वस्त पार्न, मालेमावादी पथप्रर्दशनलाई अनुसरण गर्दै नेपाली भू-राजनितिको विशेषतामा आधारित रही नयाँ जनवादी क्रान्तिलाई उत्कर्षमा पुऱ्याई नेपाली जनताको आवश्यकता र आकांक्षा अनुरुप नयाँ जनवादी जनगणतान्त्रिक राज्य-व्यवस्था निर्माण गर्नु छ।



■ पुष्पगोपाल श्रेष्ठ

क्रान्तिकारी आन्दोलन जनताको आन्दोलन हो र आम जनतालाई संचालित गरेर र उनीहरुमाथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ। वर्तमान समयमा हाम्रो केन्द्रीय अभिभारा हो- क्रान्तिकारी आन्दोलनमा भाग लिन व्यापक जनतालाई संचालित गर्नु । यस्तो आन्दोलनद्वारा साम्राज्यवाद र विस्तारवादी पिछलग्गु दलाल प्रतिकृयावादी सरकारको तख्ता पल्टाउनु, मुलुकभर क्रान्तिलाई फैलाउनु र नेपालबाट साम्राज्यवाद र विस्तारवाद (विदेशी चलखेल)लाई धपाएर पठाउनु ।

आज नेपाल र सच्चा नेपालीको निमित्त अत्यन्तै महत्वपूर्ण यस केन्द्रीय अभिभारालाई जस्ले पर्याप्त महत्व दिंदैन र हेलचक्राई गरी हिंदछ, वास्तवमा त्यो असल क्रान्तिकारी हुन सक्दैन। असल क्रान्तिकारीहरुमा हुनुपर्ने चुरो कुरो भनेको व्यापक जनताको तात्कालिक हितको समस्यालाई, उनीहरुको भलाइको समस्यालाई प्राथमिक महत्वकासाथ समाधानको उपाय अपनाउन हरहमेशा दीलो ज्यानले लागि परिरहनु हो । जसले गर्दा आम-जनता क्रान्तिप्रति भित्रैदेखि आकर्षित भई, आफै क्रान्तिको फिलिङ्गो बनी जङ्गलमा डढेलो लागेझैं मुलुकभर क्रान्तिको आँधिबेहरी भई फैलिने छन् ।

क्रान्तिकारीहरुले अत्यन्तै महत्वकासाथ मनन् गर्नुपर्ने कुरो जनतालाई आफ्नो मनोमानी तालले संचालित मात्र गर्न खोज्ने तर खास यस्को निमित्त आफुले गर्नुपर्ने कुनै पनि काम कुरा नगर्ने र जनतामाथि हैकम जमाउने प्रवृतिले, जनतालाई क्रान्तिप्रति आकर्षित होइन, त्रसित बनाइदिन्छ । क्रान्तिकारी युद्धमा विजय प्राप्त गर्ने हो भने हामीले जनताको मन (विश्वास) जित्न धेरै काम गर्नुपर्छ । हाम्रो देश नेपाल कृषि प्रधान देश हो, हामीले जमिनको लागि किसानहरुको संघर्षको नेतृत्व गर्नुपर्छ र उनीहरुमा क्रान्तिकारी भूमिसूधारमार्फत् जमिनको वितरण गर्नुपर्छ, उनीहरुको श्रम-उत्साहलाई बढाउनु पर्छ र कृषि उत्पादनमा बृद्धि गर्नुपर्छ, मजदुर हरुको हकहितहरुको रक्षा गर्नुपर्छ र जनताको सामु रहेका खाद्यान्न, बास तथा कपडा, इन्धन, चामल, खाने तेल तथा नुन, रोग तथा स्वास्थ्य-रक्षा, सामाजिक समस्याहरु समाधान गर्नुपर्छ । सारांशमा आम जनताको दैनिक जीवनमा आइपर्ने व्यवहारिक समस्याहरुप्रति हाम्रो ध्यान जानुपर्छ ।

वर्तमान स्थितिमा राष्ट्रिय स्वाधीनताको रक्षा गर्नु संगै जनगणतन्त्रको लागि क्रान्तिकारी युद्धको संगठन गर्नु र आम जनताको जीवनमा सुधार ल्याउन हाम्रा तीन प्रमुख अभिभारा हुन् । हामी क्रान्तिकारी युद्धका नेता तथा संगठनकर्ता र साथै आम-जनताका नेता र संगठनकर्ता पनि हौं । यस मानेमा हामीभित्र जान अन्जानवश रहिआएको नोकरशाही प्रवृति तथा हुकुमवादी तरिकालाई हाम्रो वरिपरि कहिँ कतै कुना काप्चामा लुकिचोरी बस्न सक्ने स्थितिसम्मलाई कडाइका साथ निषेध गरी गलहत्याइ पठाउनु पर्छ । र, आम जनतासंग नङ्ग र मासुझैं घनिष्टता कायम गरी न्यानो मायाकासाथ घुलमेलभई व्यवहारिक तथा ठोस कार्यतरिका अपनाई दुनियाँसामु जल्दोबल्दो उद्धाहरण भई उभिनु पर्दछ ।

मुलुकमा गुज्रन्दै गरेको वर्तमान स्थिति देउवा-प्रचण्डमार्काको विदेशी शक्तिको दलाली गर्ने र राष्ट्रघाटी गठबन्धनले अहिले नेपालमा सत्तासंचालन गरिरहेको छ । यस्तो जटिलतम स्थितिबाट देशको राष्ट्रिय स्वाधीनता, अखण्डता तथा सार्वभौमिकताको रक्षा, जनगणतन्त्र र जनजीविकाको सवाललाई लिएर नयाँ जनवादी क्रान्तिलाई सशक्त र जुझारु ढङ्गले अगाडि बढाउन सम्पूर्ण आवश्यक विषयवस्तु तयारीकासाथ आम जनतालाई परिचालन गर्न अग्रसर हुन कति पनि ढिला नगरी सक्रियता अपनाउनु अत्यावश्यक भइसकेको छ। क्रान्तिकारीहरुले अत्यन्तै महत्वकासाथ बुझ्नुपर्ने कुरो, जनताको सहभागिताबिना अरु जस्तो जेसुकै र जतिसुकै तयारीकासाथ क्रान्तिलाई हाँक्न पुगेता पनि त्यो क्रान्तिको नाउँमा अरुलाई मात्र हैन, आफूले आफैलाई समेत ढाँट्नु र छल्नुसिवाय अरु केही होइन र हुन सक्दैन । कारण के भने क्रान्तिकारी आन्दोलन वा युद्ध आम जनताको युद्ध हो र आम जनतालाई संचालित गरेर र उनीहरुमाथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ।

हामी बिलकुल भ्रममा पर्नु हुदैंन, फलामको सच्चा किल्ला के हो भने त्यो त आम जनता हुन् , क्रान्तिलाई साच्चिकै र दीलैदेखि समर्थन गर्ने लाखौं, करौडो जनता हुन् । त्यो यस्तो सच्चा फलामे किल्ला हो, जसलाई विश्वमा 'मै हुँ' भन्ने तानाशाहीहरुले मात्र हैन कुनै पनि शक्तिले कुनै हालतमा पनि ध्वस्त पार्न सक्दैन । प्रतिक्रान्तिले हामीलाई नष्ट पार्न सक्दैन, बरु त्यसको उल्टो, हामीले त्यसलाई ध्वष्ट पार्ने छौं । करौडो जनतालाई क्रान्तिकारी युद्ध (आन्दोलन)को वरिपरि एकत्रित पारेर र आफ्नो क्रान्तिकारी युद्धको प्रसार गरेर हामीले सम्पूर्ण प्रतिक्रान्तिलाई मेटाउनेछौं र सिंगो नेपालमाथि विजय प्राप्त गर्नेछौं र अधिकार जमाउने छौं ।

क्रान्तिकारीहरु अत्यन्तै जिम्मेवार बनी विवेकपूर्ण ढङ्गले जनताको भलाइको समस्यालाई क्रान्तिकारी आन्दोलन(युद्ध)को समस्यासित गाँसेर क्रान्तिकारी कार्य-तरिकाको समस्या र आफ्नो क्रान्तिकारी अभिभारा पुरा गर्ने समस्या सबैको एकसाथ समाधान गर्न खुब ध्यान दिएर शुद्ध दिलले आफ्नो क्रान्तिकारी उत्तरदायित्व बहन गर्न सक्नु पर्दछ । हामी, भूमी र श्रमका समस्यादेखि लिएर इन्धन, चामल, खाने तेल र नूनका समस्याहरुसम्म जनताको भलाई सम्बन्धित सबै समस्याहरुप्रति निकट ध्यान दिऔं । हिजो-आज यहाँ शहर विस्तार र विकासको नाउँमा खास शहरका आदिवासी जनजाति अर्थात् नेवार जातिको बाक्लोवस्ति रहि आएको अझ भन्नु नै पर्दा नेवार जातिको उदगम स्थललाई उजाड पारी यहाँका वासिन्दा विशेषतः नेवार जातिलाई सुकुमबासीमा परिणत गर्न ती दलाल प्रतिक्रियावादी सरकारको साम्प्रदायिक सोच अनुरुपको यो सुनियोजित साजिस खुलस्त देख्न सकिन्छ ।

उपत्यकाभित्रका शहर-बजारमा घरजम गरि बसिआएका ती बासिन्दाहरु अधिकांशको त्यो घर घडेरीको क्षेत्रफल बढीमा एक आना दुई आना अझ भनुँ दुई पैसा तिन पैसाको क्षेत्रफलमा घर-जमगरि आफ्नो गुजारा चलाई आइरहेका छन् । त्यसमाथि शहर विस्तारको नाउँमा त्यो पनि बिना मुआबजा आफ्नो घर टहरा कटानमा परि बिचल्लीमा परिरहेका र महाभूकम्पमा परि देधवर्षको लामो समय वितिसक्दा पनि अत्यन्तै कष्टकर जीवन जिउन बाध्य ती सहाराबिहिन निमुखा जनताको, आफू जन्मी हुर्कि बढि आएको आफ्नो देश नेपालमा निसंकोच रुपले बसि खानपाउने नैसर्गिक अधिकार संरक्षण गर्न संगै शहरमा सडक विस्तारको नाउँमा गैरजिम्मेवारी काम कारवाही कै कारण ऐतिहासिक शहर कान्तिपुरी नगरलाई प्रदुषणयुक्त डम्पिङ साइटको रुपमा परिणत गरि जनजीवनको स्वास्थ्यमा नराम्रो असर परि आएकोलाई समेत ध्यानमा राखि उत्पन्न समस्या तत्काल समाधान गर्न गराउन क्रान्तिकारी दायित्व अनुरुप, ती अन्यायमा परेका आम-जनताको पक्षमा व्यापक जनदबाबको सृजना गर्न आवश्यक तयारीमा जुटौं ।

गाँउ घरका किसान तथा आम-जनताका समस्याहरु खेतीपातीको समयमा बिज-विजन, मलजल सुलभ तरिकाले उपलब्ध नहुनु र अभावग्रस्त हुनुबाट खेतबारी बाँझो परि खाद्यान्न अभाव भई भुकमरीको सिकार बन्नु पर्ने, कुलो, कुलेसो, बाटोघाटो, पुल, बालबालिकाहरु पढ्ने पाठशालाको अभाव जस्ता जनताको भलाइसित सम्बन्धित यस्ता सबै समस्याहरुलाई हाम्रो कार्य सूचीमा राख्नुपर्छ र यी समस्याहरुलाई व्यवहारतः कार्यान्वयन गर्ने गराउनेतिर अत्यन्तै महत्वकासाथ लागि पर्नुपर्छ । हामीले आम जनतालाई के पक्का विश्वास दिलाउनुपर्छ भने हामी उनीहरुका हितहरुको प्रतिनिधित्व गर्छौं र हाम्रो जीवन उनीहरुको जीवनसित अति धनिष्ठ रुपमा गाँसिएको छ । वास्तविक अर्थमा भन्नुपर्दा हामीले जुन उच्चतर अभिभाराहरु अर्थात् क्रान्तिकारी युद्धका जुन अभिभाराहरु प्रस्तुत गर्न गइरहेका छौं, ती अभिभाराहरुलाई उपयुक्त कुराहरुको आधारमा बुझ्न जनतालाई मद्दत गर्नुपर्छ, जसले गर्दा उनीहरुले क्रान्तिलाई समर्थन गर्ने छन्, उनीहरु हाम्रो राजनैतिक अपिल अनुरुप चल्नेछन् र क्रान्तिको विजयका लागि अन्तसम्म लड्ने छन् ।

विश्व-सर्वहारावर्गका शत्रुहरु अर्थात साम्राज्यवाद, विस्तारवाद र प्रतिक्रियावादीहरु, नेपाली गद्दारहरु, साम्राज्यवाद, विस्तारवादका समर्थक तत्वहरु र ट्राटस्कीपंथीहरु नेपालमा सदा राजनीतिक अस्थिरता कायम गरि सिंगो नेपाली भूमिलाई खेल मैदानमा परिणत गरेर आफ्नो स्वार्थसिद्ध गर्न चाहन्छन् । हामी, न्यायप्रेमी, स्वतन्त्रकामी, तमाम् क्रान्तिकारी जनसमुदाय, ती दुष्ट कुकर्मीहरुको दुरासायपूर्ण हर्कतप्रतिको जन-आक्रोसलाई क्रान्तिकारी आँधिबेहरीमा परिणत गरी, त्यस्ता हरामखोरहरुलाई बहुला कुकुरलाई लखेट्याझैं लखेटेर धुलो चटाउदैं, अर्का भारतिय विस्तारवादका पाल्तु कुकुर (दलाल) ती प्रतिकृयावादी सत्तासिनहरुको देश तथा जनविरोधी राज्यसत्ता ध्वस्त पार्न, मालेमावादी पथप्रर्दशनलाई अनुसरण गर्दै नेपाली भू-राजनितिको विशेषतामा आधारित रही नयाँ जनवादी क्रान्तिलाई उत्कर्षमा पुऱ्याई नेपाली जनताको आवश्यकता र आकांक्षा अनुरुप नयाँ जनवादी जनगणतान्त्रिक राज्य-व्यवस्था निर्माण गर्नु छ।

यसै प्रसंगमा क्रान्तिकारी कम्युनिष्टहरुले अत्यन्तै महत्वका साथ हृदयंगम गरिराख्नु पर्ने कुरा भनेको सर्वहारावर्ग पूँजीपतिवर्गको पछि लाग्ने हो कि पूँजीपतिवर्ग सर्वहारावर्गको पछि लाग्ने हो ? नेपाली क्रान्तिमा नेतृत्व गर्ने उत्तरदायित्वको यो सवाल एउटा यस्तो नाभी हो, जसमाथि क्रान्तिको सफलता वा असफलता निर्भर गर्दछ । इतिहासले हाम्रो काँधमा सुम्पेको अभिभारा के हो भने साम्राज्यवाद-विरोधी, विस्तारवाद विरोधी तथा सामन्तवाद-विरोधी, पूँजीवादी-जनवाद अर्थात नयाँ जनवादी क्रान्ति एउटा यस्तो अभिभारा हो, जसलाई पूँजीपतिवर्गको नेतृत्वमा सम्पन्न गर्न सकिन्दैन, बरु सर्वहारावर्गको नेतृत्वमा मात्र सम्पन्न गर्न सकिन्छ । अर्को कुरो के पनि हो भने नयाँ जनवादी क्रान्तिमा सर्वहारावर्गको लगनशीलता र पूर्णतालाई पूरा रुपमा विकसित गरेर मात्र पूँजीपतिवर्गको निहित ढुलमुलपना र अधुरोपनालाई हटाउनु र क्रान्तिलाई अधुरो हुनबाट बचाउन संभव हुन्छ ।

हिजो नेपालीभूमिमा भए गरेका ऐतिहासिक दशवर्षीय जनयुद्ध (नयाँ जनवादी क्रान्ति) कालमा पूँजीपतिवर्गले सर्वहारावर्गको राजनैतिक नेतृत्वको अनुसरण गर्दाखेरि क्रान्ति कसरी अघि बढ्यो र पछि मूल नेतृत्व र अरु केहि नेतृत्वपङतिले क्रान्तिप्रति गद्दारी गर्न पुग्नुले गर्दा सर्वहारावर्ग पूँजीपतिवर्गको राजनैतिक पुच्छर बन्दाखेरि सफलताको चुचुरोमा करिवन पुगिनै सकेको क्रान्ति कसरी पछिल्तीर धकेलियो र असफलताको भुमरीमा फस्न पुग्यो भन्ने कुरो २०५२-२०६२ को तितो अनुभवले देखाएको कुरोलाई हामीले चाहेर पनि भुल्न नसकिने गरि हाम्रो मन-मष्तिस्कमा अमिट छाप भई कुँदेर बसेको छ । इतिहासको यस घटनालाई दोहोरिन दिनु हुँदैन । वर्तमान परिस्थितिमा, सर्वहारावर्गको अग्रदस्ता नेकपा क्रान्तिकारी माओवादीको राजनैतिक नेतृत्वबिना अधुरो जनवादी क्रान्तिलाई पूर्णतामा परिणत गर्न मातृभूमिको रक्षागर्नु र नेपालमा नयाँ जनवादी जनगणतन्त्रीय राज्यव्यवस्था कायम गर्नु असंभव छ । यस अर्थमा पार्टीभित्रका प्रत्येक जिम्मेवार कामरेडहरुले, पार्टीले आफूलाई सुम्पेको कार्यभारलाई अत्यन्त महत्वकासाथ जिम्मेवारीपूर्ण ढङ्गले निवार्ह गर्नु आजको क्रान्तिकारी दायित्व हुन आएको छ ।

*२०७३/०५/१३, ताहचल, काठमाण्डौं ।*

---

◆ झर्रोटर्रो — कैलुब्राह

## संसदमा बम्पर उपहार योजना

आउँदै गरेको दशैं तिहारको सन्दर्भ पारेर व्यवस्थापिका खासमा अव्यवस्थापिका संसदमा माननीयहरूका लागि विशेष बम्पर उपहार योजना खोलिएको छ । माननीयहरूले सदनमा हाँजिर गर्दै भाग्दै गर्न थालेपछि त्यहाँ सभामुख महोदय एक्लै पर्न थालेकी छन् । आफू मात्रै सदनमा टिक्लिक्क परेपछि हैरान परेर माननीय सदस्यहरूका लागि बम्पर उपहार योजना खोलेकी हुन् । माननीयहरूले संसदमा हाँजिर गर्दै टाप कस्दै गर्न थालेपछि त्यसको गम्भीर अनुसन्धान गर्न भनी पेन्सनी विशिष्ट महोदयको नेतृत्वमा हरुवा माननीयहरू सम्मिलित एउटा 'भगौडा माननीय अध्ययन कार्यदल' नामक आयोग गठन गरेकी थिइन् । उक्त आयोगले माननीयहरूले सदनमा हाँजिर गर्दै टाप कस्दै गर्नुको कारणको खोजी गर्ने, सदनबाट निस्केर कहाँ जान्छन् ? त्यो कुरो पत्ता लगाउने र त्यसको निराकरणको उपाय सुल्झाउने अधिकार पाएको थियो । आयोगले केही समय लगाएर गम्भीर अध्ययन अनुसन्धान गरेको थियो । सो बमोजिम उक्त आयोगले दिएको प्रतिवेदन अनुसार माननीयहरूलाई खुसी पार्न सदनभित्र विशेष प्रकारको बम्पर उपहार योजना लागु गर्नु परेको कुरा सभामुख महोदयले झर्रोटर्रोलाई बताइन् ।

हुन त संसद भनेको गफाडीहरूको गफ गर्ने अखाडा नै हो । त्यहाँ गरिएका गफबाट राज्य र रैतीलाई कुनै तातो न छारोको उपलब्धी हुने पनि होइन । तथापि माननीयहरू सदनमा गफ गर्न भन्दै रैतीहरूबाट चुनिएर गएका हुन्छन् । परन्तु, उनीहरूले सदनमा गफ नगरी हाँजिर मात्रै गर्ने र टाप कस्ने गर्न थालेपछि त्यसको खास कारण खोज्नु परेको हो । गफ गर्नकै लागि चुनिएर आए पनि गफ गर्नु पर्ने ठाउँमा गफ नगरी हाँजिर मात्र बजार्ने र फुत्त फुत्त बाहिर निस्कन थालेपछि सभामुख महोदय निरास बनेकी हुन् । यसरी दिनदिनै निरास हुँदै गएकी महोदयले पेन्सनी विशिष्ट महोदयको नेतृत्वमा आयोग गठन गरी छानविन प्रकृया अगाडि बढाएकी हुन् । उक्त आयोगको प्रतिवेदनले माननीयहरू भाग्नुको कारण र निराकरणको उपाय सुझाएको थियो । प्रतिवेदनमा माननीयहरू सदनबाट भागेर जाने गरेको क्षेत्र, भाग्नुको कारण र त्यसको निराकरणको उपायबारेमा बताइएको प्रतिवेदनको सार निम्नानुसार रहेको छ ।

सदनमा हाँजिर मात्रै गरेर टाप कस्ने गरेको क्षेत्र :

१. विभिन्न एनजीओ र आइएनजीओहरूका गोष्ठीमा सहभागी हुने गरेको ।
२. विभिन्न प्रकारका ठेकेदार, उद्योगी, गुप्तव्यापारी र एनजीओ आइएनजीओहरूको फाइल सदर गराउन सम्बन्धित मन्त्रालयमा धाउने गरेको ।
३. आफ्ना नाता कुटुम्ब पर्ने र आलिअलि दानापानीको व्यवस्था गरिदिने कर्मचारीहरूको सरुवा बढुवाका लागि कुदारेकुद गरेको ।
४. विदेश भ्रमणको व्यवस्था मिलाइदिन पऱ्यो भन्दै विभिन्न आइएनजीओहरूका नेपाली मुखियाहरूको क्वाटरमा विन्तिपत्र बुझाउन हिँड्ने गरेको ।
५. विशेष गरी भारतीय र चिनियाँ दुतावासमा आफ्ना छोराछोरीहरूलाई स्कलरमा उनीहरूका मुलुकमा पढ्ने व्यवस्था मिलाइदिन विन्तिभाउ गर्न जाने गरेको ।
६. गाउँबाट आएका आफ्ना नाता कुटुम्बहरूसँग सपिङ गर्न र विरामीहरूको उपचार गराउन हिँड्ने गरेको ।
७. नयाँ नयाँ फिलिमहरूको प्रिमियम शो हेरिदिन हलहरूमा जाने गरेको ।
८. आआफ्ना जिल्ला र निर्वाचन क्षेत्रका रैतीहरू चोरी, डकैती, लुटपाट, अपहरण र हत्यामा पक्राउ परेकाहरूको उद्धार गर्नका लागि पुलिस मन्त्रालय र हेडक्वाटर धाउने गरेको ।
९. आआफ्नै दलका गुटीय बैठकहरूमा सहभागी हुने गरेको । आदि इत्यादि ।

**भाग्नुको कारण :**

१. संसदबाट आउने तलव र भत्ताले आफ्नो खर्च धान्न मुस्किल परेकोले ।
२. सदनमा कक्टेलको व्यवस्था नभएकोले ।
३. मन्त्रीहरू मात्र विदेश भ्रमणमा पटक पटक जाने गरेको र सबै माननीयहरूलाई विदेश भ्रमणको व्यवस्था सदनले गर्न नसकेकोले ।
४. मन्त्रीहरूले मात्र आफ्ना कर्मचारीहरूको सरुवा बढुवा गर्ने तर माननीयहरूका आफन्तको वास्ता नगर्ने गरेकोले ।
५. प्रत्यक्षतर्फबाट चुनिएका माननीयहरूले चुनावमा लागेको ऋण तिर्न र समानुपातिक तर्फकाले दलका नेतामार्फत् दललाई बुझाएको नजराना अशुल गर्नका लागि अतिरिक्त कमाइको व्यवस्था गर्नु पर्ने वाध्यता आइपरेकोले ।
६. आफ्ना चुनाव क्षेत्रका लटे, मुन्द्रे, कुण्डले मण्डलेहरूको संरक्षणमा खट्नु परेकोले ।
७. एनजीओ आइएनजीओ जस्ता दातृसंस्थाहरूको अनुरोधलाई अस्वीकर गर्न नसकिएकोले ।
८. माननीयबाट रिटायर भएपछि विशिष्टहरूलाई जस्तो आफूहरूलाई आजिवन सुविधा नभएकाले आहिलेबाटै वैकल्पिक व्यवस्थाका लागि सोच विचार गरी व्यवस्थापनमा लाग्नु परेकोले ।
९. सरकारी निकायहरू र उद्योग व्यापार, ठेक्कापट्टाबाट तल्लोतहदेखि च्यानलमार्फत् प्राप्त हुने घुसको रकम माननीयहरूको भागमा नपरेकोले ।
१०. सरकार फेरिइरहँदा पनि पँहुचवालाहरू मात्र पटक पटक मन्त्रीमा दोहोरिइरहने तर एउटै पार्टीमा पनि ठूला र सानाका बिचमा भेद हुने गरेकोले ।

आदि इत्यादि लगायतका समस्या र खासमा असन्तुष्टिका कारण माननीयहरू संसदमा हाँजिर मात्र लगाउने

र कुलेलाम ठोक्ने गरेको तथ्य उक्त आयोगको रिपोर्टमा उल्लेखित छ ।

**समाधानको उपाय :**

सदनमा अनुपस्थित हुने माननीयहरूका लागि विशेष प्रकारको प्याकेज प्रोग्राम लन्च गर्नु पर्ने उक्त आयोगको प्रतिवेदनमा उल्लेखित छ । आयोगले सुल्झाएका समाधानका उपायहरू निम्नानुसार रहेका छन् ।

१. माननीय सदस्यहरूलाई सदनभित्रै भरपूर मात्रामा कक्टेलको व्यवस्था गरिनु पर्ने ।
२. सदनभित्रै 'उत्पीडित माननीय उत्थान प्रतिष्ठान' नामको एनजीओ गठन गरेर विभिन्न प्रकारका कार्यक्रमहरू जस्तै 'माननीय विशेष भत्ता अभियान', 'माननीय विदेश भ्रमण अभियान', 'माननीय आफन्त विकास कार्यक्रम', 'माननीय रसरङ तथा मोजमस्ती कार्यक्रम', 'मन्त्री रोटेशन अभियान' आदि लागू गर्नु पर्ने ।
३. विभिन्न विकासे मन्त्रालयमा ठेक्कापट्टा मिलान, फाइल सदर बदर, कर्मचारी सरुवा बढुवा बाट प्राप्त हुने नजराना दामासाहीले माननीयहरूको पिजनहोलमा पनि हालिदिनु पर्ने ।
४. हरेक बर्ष आउने जाति अनुसारका चाडपर्वका अवसरमा विशेष बम्पर उपहार योजना खोलिनु पर्ने । त्यस्ता बम्पर उपहारमा जो माननीय सदनमा बढि हाँजिर हुन्छ र पूरै दिन सदनभित्रै विताउन सक्छ त्यसलाई ए प्लस ग्रेडमा राखेर मन्त्रीमा बढुवा गरिनु पर्ने, ए ग्रेडमा पर्नेलाई एक महिनासम्म विदेश भ्रमणको व्यवस्था गरिनु पर्ने, बि प्लस हुनेलाई राज्य मन्त्रीको व्यवस्था गरिनु पर्ने, वि ग्रेडमा आउनेलाई सहायक मन्त्री र अरूलाई स्वदेश भ्रमण र सुरा सुन्दरीको व्यवस्था गरिनु पर्ने लगाएतका बम्पर उपहार

... बाँकी ७ पेजमा

# पाकिस्तानमाथि आक्रमण गर्न सहज छ भारतलाई ?



**प्रारम्भ**

भारत र पाकिस्तान दक्षिण एसियाका आणविक शक्ति सम्पन्न मुलुक र एकअर्काका परम दुश्मन पनि । भारत र पाकिस्तानबीच कास्मिरको विषयलाई लिएर तेस्रो पटक युद्धको आँकलन गरिन थालिएको छ । भारत र पाकिस्तानबीचको तनाब लोकतन्त्रको दुहाई दिएर लोकतन्त्रको खिल्ली उडाउँदा बारबार सतहमा आउने गरेको छ । कास्मिरको विषयलाई विश्वकै सबैभन्दा ठूलो प्रजातान्त्रिक मुलुकको उपमा पाएको भारतले नै पहिले राष्ट्रसंघमा पुऱ्यायो र राष्ट्रसंघले नै जनमत संग्रहबाट निर्णय गर्नुपर्ने भनी दिएको सुझावलाई अहिले सम्म पनि कार्यान्वयन गरेन । फलस्वरुप कास्मिर भारत पाकिस्तानको युद्धको लागि नयाँ नयाँ बहाना बन्ने स्थल बन्न पुगेको छ । लोकतन्त्रको सम्मान गर्छौं भन्ने भारतले कास्मिरी जनताको आवाजलाई जहिले पनि बन्दुकको नालबाट दबाउने कोशिस गरिरहेको छ, जसका कारण कास्मिरी जनताको स्वतन्त्रताको आन्दोलनमाथि बेलाबेलामा दमन भई नै रहेको छ । पछिल्लो कास्मिर आन्दोलन त्यसैको परिणाम हो । गत जुलाई ८ मा हिज्बुल मुजाहिद्दिनका कमाण्डर बुरहान बानीको भारतीय सेनाले गोली हानी हत्या गरेपछि कास्मिरी जनताले त्यसप्रकारको ज्यादतीका विरुद्ध आन्दोलन गरे । त्यसको पाकिस्तानले समर्थन गगत जुलाई ८ मा हिज्बुल मुजाहिद्दिनका कमाण्डर बुरहान बानीको भारतीय सेनाले गोली हानी हत्या गरेपछि कास्मिरी जनताले त्यसप्रकारको ज्यादतीका विरुद्ध आन्दोलन गरे । त्यसको पाकिस्तानले समर्थन गऱ्यो, भारत जनताको आन्दोलनमाथि बर्बर दमनमा उत्रियो । अवस्था कहाँसम्म पुग्यो भने आन्दोलनका क्रममा ८० जनाभन्दा बढी (सरकारी तथ्यांक) सर्वसाधारण आन्दोलनका क्रममा मारिए भने सयौं युवाहरु आँखामा लागेको चोटका कारण दृष्टिविहीन बन्न पुगेका छन् । स्पाइनल कर्ड इन्जुरीजस्ता गम्भीर प्रकारका र अन्य गोली लागेर घाइते भएका सर्वसाधारणको संख्या हजारौं रहेको छ । आज पश्चिमा देशले मानवअधिकारको ठूलो मन्त्र जपिरहेका छन् । तेस्रो विश्वका मुलुक र अमेरिकी-पश्चिमाविरोधी ध्रुवका देशले यस्तै प्रकारले दमन गरेको भए सायद अन्तर्राष्ट्रिय स्तरमा यसको ठूलो विरोध र छानविन भइसक्थ्यो होला । तर, भारतले गरेको यो ज्यादतीविरुद्ध एक/दुई वटा अधिकारवादी संस्थाले विरोध गरेपनि अरु मौन नै छन् । यहाँ मानवअधिकार र न्याय पनि पहुँचका आधारमा निर्धारित हुदोरहेछ भन्ने प्रष्टिएको छ । आज पाकिस्तानमाथि आतंकवादको संरक्षण गरेको आरोप लाग्ने गरेको छ । यद्यपि विश्वमा खुलेआम रुपमा हतियार राजनीतिक गर्ने र आतंकवाद जन्माउने देशहरु मानवअधिकारको संरक्षक जस्तो देखिएका छन् ।

**विस्फोटको दिशातिर भारत-पाक द्वन्द्व**

कास्मिरमा सुरु भएको पछिल्लो आन्दोलनसँगै भारत र पाकिस्तानबीचको चर्किएको द्वन्द्व भिडन्तको दिशातिर जान थालेको छ । गत आइतबार भारत प्रशासित कास्मिरको उरीमा बन्दुकधारीले गरेको आक्रमणपछि दुई देश फेरि एक अर्काविरुद्ध आरोप प्रत्यारोप गर्दै भिडन्तको तयारीमा देखिएका छन् । यो घटनापछि दुवै देशले ७ सय ७८ किलोमिटर लामो नियन्त्रण रेखा क्षेत्रमा युद्धसामग्री र सैनिक संख्या बढाएका छन् । कास्मिरको विषयलाई लिएर यसअघि पनि दुई पटक भिडिसकेका भारत र पाकिस्तानबीचको पछिल्लो तनाबले पुनः युद्धको दिशातर्फ धकेलिरहेको विश्लेषण गर्न थालिएको छ भने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय सुरक्षा सल्लाहकारसहित सैनिकका उच्च अधिकारीसँग 'वार रुम' मा छलफल गरेका छन् । सुरक्षा अधिकारीले करिब २ घन्टा लामो छलफलका क्रममा उरी हमलापछि गरिने कारबाहीको रणनीतिका विषयमा मोदीलाई ब्रिफिङ गरेका थिए ।


**नियन्त्रण रेखामा दुवै देशको सैन्य गतिविधि**

भारत प्रशासित कास्मिरको उरीमा भएको आक्रमणपछि भारतीय सेना सीमा क्षेत्रमा तैनाथ गरिएको छ । भारतीय सेनाका उच्च अधिकारीले पनि सीमा क्षेत्रमा ठूला र मध्यमस्तरका आर्टिलरी तैनाथ गरिएको स्वीकार गरेका छन् । भारतीय सेनाले कुनैपनि अवस्थालाई नियन्त्रणमा लिनका लागि नियन्त्रण रेखामा बोफोर्स गन, १ सय ५ वटा आर्टिलरी तथा अन्य प्रकारका उपकरण पनि सीमा क्षेत्रमा तैनाथ गरेको छ । भारतीय सेनाले गुप्तचरलाई पनि सक्रिय बनाउनुका साथै गुप्तचरकै सूचनाका आधारमा हतियार तैनाथ गरेको हो । यता पाकिस्तानले पनि सीमा क्षेत्रमा सैनिक संख्या बढाउँनुका साथै युद्धसामग्री बढाएको छ भने राजधानी इस्लामबुलमा लडाकु हेलिकप्टर समेत उडाएर भारतलाई जवाफ दिनसक्ने देखाइसकेको छ । यसले कास्मिर आन्दोलन र विवाद छायाँमा परेर भारत-पाक संघर्ष मुख्य बन्न पुगेको छ ।

**के हो कास्मिर विवाद ?**

भारत र पाकिस्तानबीच सन् १९४७ देखि कास्मिरको विषयलाई लिएर विवाद रहदै आएको छ । करिब ६९ वर्षअघि २७ अक्टोबर १९४७ मा शासक हरि सिंहले कास्मिर भारतमा विलय गराउन एक सन्धीमा हस्ताक्षर गरे । तर कास्मिरका जनताको ठूलो हिस्सा भने स्वतन्त्रताका पक्षमा थियो । कास्मिरका शासकले आफूलाई कहिल्यै स्वतन्त्र नबनाउनु र जनताले कहिल्यै पनि भारतीय आधिपत्यको स्वीकार गर्न नसक्नु अहिलेको कास्मिर विवादको चुरो कुरो हो । एक हिन्दु राजाको अधिनमा रहेको मुस्लिम बहुल क्षेत्र न त भारतमा मिसिन चाहन्थ्यो न त पाकिस्तानमा नै । पुँछ इलाकाका बासिन्दाको झुकाब पाकिस्तानतिर थियो भने घाँटी र जम्मूमा प्रो-इन्डियन नेशनल कन्फ्रेन्सको प्रभाव थियो र त्यहाँका नेता शेख अब्दुल्ला भारतका पूर्वप्रधानमन्त्री जवाहरलाल नेहरुका मित्र थिए । यद्यपि घाँटी र जम्मूका जनता भारतसँग मिसिने पक्षमा थिएनन् । कास्मिरमाथि आक्रमण हुँदा हरि सिंहले भारतको मद्दत मागे तर भारतले सर्त राख्यो कि सहयोग त्यसबेला हुन्छ, जहिले कास्मिर भारतमा पूर्ण रुपमा मिसिन तयार हुन्छ । आपतकालीन अवस्थामा कास्मिर जालझेलपूर्ण रुपमा भारतमा मिसिन पुग्यो । समस्याको चुरो कुरो यही छ कि कास्मिरको विलय तत्कालीन भएको र दीर्घकालमा स्वतन्त्र नै हुने आँकलन गरिएपनि भारतले त्यसलाई पूर्ण विलयको रुपमा लियो । कास्मिरका राष्ट्रवादीहरु त्यो एक अन्तरिम व्यवस्था भएकोले समयसँगै समाप्त हुनुपर्ने धाराणा राख्छन् तर भारतीय संविधानको धारा ३७० अनुसार कास्मिर यो संविधानको स्थायी अंग हो । कास्मिरमा त्यहाँका ठूलो संख्यामा जनताको बहिस्कारका बाबजुद आवधिक निर्वाचन हुने गर्छ र सोही आधारमा भारतको अधिकार भित्र पर्दै आएको छ । त्यतिमात्रै होइन कुनै समय कास्मिरको रक्षाका लागि हरि सिंहको आग्रहमा गएको भारतीय सेनाको वर्चस्व कहिल्यै अन्त्य भएन ।

शेख अब्दुल्लाले स्वतन्त्र कास्मिरको अभियान सञ्चालन गरेका थिए । उनको जीवनकालमा कास्मिर स्वतन्त्र हुन सकेन, किनकी उनी आफैँचाँहि भारतीय शासक वर्गबाट स्वतन्त्र थिएनन् । अहिले पनि कास्मिरमा मुस्लिम संगठनहरु स्वतन्त्रताका लडाईमा निरन्तर लागेका थिए । जुन दिन भारतीय संविधानको धारा ३७० समाप्त हुन्छ, त्यसदिन कास्मिर भारतको रहने छैन । तर त्यसपछि कास्मिर के हुन्छ यो स्पष्ट छैन । यसकारण कास्मिर विवाद एक ऐतिहासिक भूल र ऐतिहासिक गलफतीको परिणाम हो । कास्मिरको सुरक्षाका लागि भनेर ६९ वर्षअघि गएको भारतीय सेनालाई कास्मिरी जनताले अहिलेपनि आफ्नो मुख्य दुस्मन ठान्छन् भने भारतीय सेनाको कास्मिरी जनतामाथिको अत्याचार बयान गरिसाध्य छैन । सोही विवादको निरन्तरता हो, आजको कास्मिरको आन्दोलन । पाकिस्तानले कास्मिरमा हुने हरेक आन्दोलनलाई समर्थन गर्दै आएको छ । अहिलेको आन्दोलनमा पनि पाकिस्तानको साथ र सहयोग दुवै रहँदै आएको छ । सोही कारण अहिले भारत र पाकिस्तान भिडन्तको मनस्थितिमा देखिएका छन् ।



केशरमणि कटुवाल

*भारतले कास्मिरमा संघर्षरत मुस्लिम समुदायलाई आतंकवादीको संज्ञा दिने गरेको छ । केही दिनअघि भएको आक्रमणमा पनि उसले आतंकवादीको संलग्नता रहेको बताएको थियो भने पाकिस्तानले उरी घटना कास्मिर आन्दोलनमाथिको ज्यादतीको प्रतिक्रिया भएको टिप्पणी गरेको थियो । त्यतिमात्रै होइन कास्मिरको संघर्षलाई समर्थन गरेकोमा पाकिस्तानको र केही मुस्लिम संगठनलाई समेत आतंकवादको पक्षमा रहेको भारतले बताउँदै आएको छ ।*

**एक रणनैतिक क्षेत्र कास्मिर**

भारतको ठूलो हिस्सा र पाकिस्तानमा सानो हिस्सा रहेको कास्मिर आफैँमा एउटा रणनीतिक महत्वको क्षेत्र हो । दुवै देशले यसलाई आफ्नो पक्षमा पार्न अनकौं हत्कन्डाहरु अपनाइसकेका छन् । जम्मु कास्मिर भएर बग्ने सिन्ध नदीमाथि भारत र पाकिस्तान दुवैको स्वार्थ रहँदै आएको छ । जलसम्पदामा दक्षिण एसियामा नै आँखा गाड्दै आएको भारतले सिन्ध जस्तो उपयुक्त नदीलाई कुनै हालतमा पनि गुमाउँन चाँहदैन । त्यसविरुद्ध उभिनेजति सबैलाई आतंकवादीको बिल्ला भिराएर भएपनि भारत जम्मु कास्मिरमाथिको आफ्नो बर्चस्व कायम राख्न चाहन्छ भने पाकिस्तान कास्मिरका जनताको भावनाअनुसार जनमत संग्रहबाट निर्णय लिनुपर्ने पक्षमा छ । कास्मिर विवादले सिंगो दक्षिण एसियाको राजनीतिक माहोल तताउने गर्छ, यसलाई हरेकले आफ्नो आफ्नो तरिकाले ब्याख्या गर्ने गरेका छन् । भारतले नै कास्मिरको समस्या सबैभन्दा पहिले १९४८ मा संयुक्त राष्ट्र संघमा लगेको थियो । यो पनि कास्मिर युद्धको एक कारण बन्यो । तर राष्ट्रसंघले कास्मिर विवाद जनमत संग्रहका माध्यबाट समाधान गर्नुपर्ने निर्णय गरेपनि भारतले त्यसलाई स्वीकार गरेको छैन । किनकी उसले कास्मिरका जनता भारतको पक्षमा नभई स्वतन्त्रताको पक्षमा भएको राम्रोसँग बुझेको छ ।

**को हो कास्मिरी आतंकवादी ?**

भारतले कास्मिरमा संघर्षरत मुस्लिम समुदायलाई आतंकवादीको संज्ञा दिने गरेको छ । केही दिनअघि भएको आक्रमणमा पनि उसले आतंकवादीको संलग्नता रहेको बताएको थियो भने पाकिस्तानले उरी घटना कास्मिर आन्दोलनमाथिको ज्यादतीको प्रतिक्रिया भएको टिप्पणी गरेको थियो । त्यतिमात्रै होइन कास्मिरको संघर्षलाई समर्थन गरेकोमा पाकिस्तानको र केही मुस्लिम संगठनलाई समेत आतंकवादको पक्षमा रहेको भारतले बताउँदै आएको छ । कास्मिर आन्दोलनका क्रममा भारतले पाकिस्तानमाथि आतंकवादलाई समर्थन गरेको, आतंकवादी देश भएको आरोप लगाउनु कुनै नौलो कुरा नै होइन । पाकिस्तानी प्रधानमन्त्री नवाज सरिफदेखि प्रधानसेनापति राहिल सरिफसम्मले कास्मिरमा भारतीय सुरक्षाकर्मीको दमनबाट सर्वसाधारण मारिएकोमा निन्दा गरे । यसलाई भारतले आतंकवादमाथिको समर्थन भन्यो । तर कास्मिरको आतंकवाद कास्मिरभन्दा बाहिर फैलिएको छैन । यो आतंकवाद भारतीय शासकको छलछामपूर्ण नीतिविरुद्धको आतंकवादको रुपमा आफ्नो पहिचान बनाएको छ । यसर्थ, कास्मिरका आन्दोलनकारी समुदाय चरमपन्थी संगठन इस्लामिक स्टेट (आईएस), अलकायदा, तालिवान, अल नुसरा फ्रन्टदेखि बोको हरामजस्ता आतंकवादी संगठन होइन । भारतले चरमपन्थी र आतंकवादी भनिरहेको हिज्बुल मुजाहिद्दिनलगायतका संगठन भारतको आँखामा आतंकवादी भएपनि स्वयम् कास्मिरी जनताको आँखामा स्वतन्त्रता आन्दोलनका अगुवा योद्धा हुन् । सोही कारण कास्मिरको आन्दोलनविरुद्ध त्यहाँका जनता उत्रिदैनन् । अहिले पनि भारतले साढे दुई महिनाभन्दा लामो समयदेखि कर्फ्यु, यातायात र सञ्चारमा समेत प्रतिबन्ध लगाइदा पनि कास्मिरी जनता शासक वर्गसँग झुकेका छैनन् ।

**भारतले टाउको ठन्डा पार्नुपर्छ**

के भारत र पाकिस्तान कास्मिरको सैनिक बेसमा भएको आक्रमणपछि पुनः भिडन्त गर्ने तयारीमा पुगेका हुन् ? यो प्रश्न यतिबेला आम बनेको छ । उरी घटनापछि भारतले पाकिस्तानी एक समूहलाई दोषी ठहर गरेको छ । हरेक दिनका भारत र पाकिस्तानका समाचारको शीर्षकले कुनै न कुनै रुपमा एक अर्कालाई दोषी देखाइरहेका छन् । तर, कसैले पनि जिम्मेवार बन्नुपर्नेतर्फत ध्यान केन्द्रित गरेको देखिन्न । सन् २०१४ मा प्रधानमन्त्रीको सपथ खाँदा उनले दक्षिण एसियाका सबै देशसँग सम्बन्ध सुधार गर्नेभन्दै सपथ ग्रहण समारोहमा सबै देशका राष्ट्र र सरकार प्रमुखलाई निमन्त्रणा गरेका थिए । सार्क राष्ट्का प्राय सबै देशका प्रतिनिधि उनको सपथ ग्रहण समारोहमा सहभागी पनि भए । तर, उनले प्रधानमन्त्रीको कुर्सीमा पुग्नुअघि जुन वचन दिएका थिए । उनको कार्यकाल त्यसको ठीक उल्टो रहन पुग्यो । पुरानो सम्बन्धलाई अझ मजबुत बनाउने तर परका कुरा भएको सम्बन्ध पनि बिग्रने अवस्था आयो । आफ्नो स्वार्थविरुद्ध लाग्नेजति सबै आतंकवादी नै हुन्छन् ? यो प्रश्नको हल सबैभन्दा पहिले भारतले खोज्नुपर्दछ । भारतलाई अहिले आफू ठूलो, शक्तिशाली र हतियारसम्पन्न भएकोमा घमण्ड छ । ठूलो माछो जालमा पऱ्यो भने उम्कन सक्दैन । भारतले आफ्ना नीतिहरुलाई कसरी व्यवस्थित गर्दैछ ? कास्मिर घटना र पाकिस्तानविरुद्ध सैनिक कारबाहीको तयारीले भारतलाई त्यो दिशातर्फ नपुऱ्याओस् । भारतले अहिले जुन प्रकारको आफूलाई हतियार सम्पन्न मुलुकको रुपमा स्थापित भएको बताउँदै आएको छ, त्यसलाई कास्मिर र पाकिस्तानविरुद्ध प्रयोग गरेको खण्डमा न्युक्लियर सप्लायर्स ग्रुपको सदस्य बन्ने बाटोमा पनि तगारो लाग्न सक्छ । किनकी यदि भारतले यस्तो दुस्साहस गरेमा उसले कुनैपनि समयमा हतियार प्रयोग गर्ने कुरालाई नकार्न र पाकिस्तानविरुद्धको हतियार प्रयोगलाई पुष्टि गर्न कठिनाई पर्नेछ । यसले भारत दक्षिण एसियामा सुप्रिमो बन्न सक्दैन । पाकिस्तानविरुद्ध युद्धको अवस्था आएमा हुने ठूलो धनराशीको खर्च गरिबीको रेखामुनी कष्टकर जीवन बिताउन बाध्य करोडौं भारतीयमाथि नै अन्याय हुनेछ ।

**सहज छैन पाकिस्तानमाथि आक्रमण**

पाकिस्तानमाथि कारबाही गर्ने भारतीय चाहाना उसको एसियाली क्षेत्रको शक्तिशाली देश बन्ने मार्गमा अवरोध हो । भारतले चीन र पाकिस्तानबीचको बढ्दो सम्बन्धबीच रुस, जापान, इरान, अफगानिस्तान र मंगोलियाजस्ता देशलाई साथ लिन खोजिरहेको छ । तर, दुई दिनअघि मात्रै रुसी र पाकिस्तानी सेनाबीच संयुक्त सैनिक अभ्यासको खबरले भारत झस्किएको छ । पाकिस्तानमाथि भारत जाई लागेको खण्डमा चीन पनि चुप लागेर बस्ने अवस्था नरहन सक्छ । किनकी उसले पाकिस्तानको बलुचिस्तान हुँदै आर्थिक करिडोर निर्माणको महत्वपूर्ण कार्यको थालनी गरेको छ र त्यसलाई सफल बनाएरै छाड्ने बताउँदै आएको छ । चीनले तिब्बतमा पनि पाँच वटा हवाई हड्डा बनाइसकेको छ । त्यसमा गोंगर, ल्हासा, क्षिगेज, बागदा र नगारीमा रहेका छन् । आजको चीनको तीव्रतम विकासका साथै हवाई, रेल र सडकमार्गको विकासले भारतलाई समेत चिन्ता पैदान गरेको छ । चीन आज विश्वकै शक्तिशाली देशको रुपमा दरिएको छ । चीन विकासको गतिमा भारतभन्दा धेरै माथि रहेको छ । आज चीन र भारतबीचको सैन्य शक्ति कति हो भन्ने बारेमा चर्चा परिचर्चा सुरु भएको छ । भारतसँग साढे १२ लाख भन्दा बढी सुरक्षा फौज छन् भने पाकिस्तानसँग ६ लाख २० हजारको हाराहारीमा सुरक्षा दस्ता छ । लडाकु विमान भारतसँग करिब १ हजार र पाकिस्तानसँग ३५३, मिसाइल भारतसँग २ सय भन्दा बढी पाकिस्तानसँग ५०, युद्धपोत भारतसँग २७ र पाकिस्तानसँग ८ पानीजहाज भारतसँग १६ र पाकिस्तानसँग १० वटा रहेका छन् । यसरी हेर्दा नियमित सैनिक शक्तिमा भारत बलियो नै छ । तर, भारतले रसियासँग हतियार किनेको छ भने त्यही रसियाली सैनिक पाकिस्तानमा आएर संयुक्त सैनिक अभ्यास गरिरहेका छन् । यदी पाकिस्तानलाई रुस र चीनले अनौपचारिक रुपमा नै सहयोग गरे भने भारतका रसियाली हतियारविरुद्ध पाकिस्तानका पनि सोही प्रकारका हतियारबीच टकराव हुनेछ । त्यसबेला क्षति पाकिस्तानलाई मात्रै हुने छैन, भारतपनि समस्यामा पर्नेछ । रसिया र चीन नै भारतभन्दा ठूलो सैनिक शक्ति भएका देश भएकाले क्षेत्रीय शक्ति सन्तुलनका आधारमा पनि भारतलाई पाकिस्तानविरुद्ध हतियार उठाउनु सहज हुनेछैन ।

## संयुक्त मोर्चा निर्माणको ...

यदि त्यसो होइन भने सरकारको घोषणा र अनुगमन यति फितलो र वेकम्मा किन ? सरकार केवल सस्तो प्रचारवाजीमा लागेर आत्मरति लिन्छ । वेथिति गर्नेलाई कारबाही गरी नियन्त्रण गर्न किन सक्दैन ? र स्वयं निरिहहरुको संस्था जस्तो किन बन्छ ? यसको चित्तबुझ्दो जवाफ खोइ ? जनता यति मारमा परेका छन् कि त्यसको कुनै सिमा नै छैन । न सरकार जिम्मेवार देखिन्छ न जनता यसका विरुद्ध एकताबद्ध रुपमा सशक्त र जुझारु ढंगले आन्दोलन उठाउन सकेका छन् ।

जनतन्त्रको समस्या पनि त्यत्तिकै जटिल र संकटग्रस्त बन्दै गएको छ । संघीयता, धर्मनिरपेक्षता, समानुपातिक/समावेशी तथा गणतन्त्रजस्ता केही विषयहरु सकारात्मक भएपनि सारमा जनपक्षीय रुप ग्रहण गरेको छैन । यी विषयहरु केवल कागजमा देखाउने नाम मात्रका भएका छन् । वास्तविक कुनै कामकाजको विषय बन्न सकेको छैन । महान् जनयुद्ध र जनआन्दोलनको वास्तविक प्रतिनिधित्व भएकै छैन । प्रतिक्रियावादी सत्ता र तिनका मतियार हरुले जति महिमा मण्डली गरेपनि कथित दोस्रो संविधानसभामार्फत् घोषणा गरिएको संविधान जनविरोधी र पश्चगामी नै रहन गएको छ। त्यसकारण परिस्थितिमा तात्विक फेरबदल नआएकोले यी सबै समस्या र अन्तरविरोध हल गर्नका लागि नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु नै क्रान्तिकारीहरुको कार्यभार हो । अनि मात्र समाजवादी व्यवस्थाको स्थापनाका लागि अघि बढ्ने बाटो प्रशस्त हुनेछ।

**संयुक्ति मोर्चा गठन र महत्व**

क्रान्तिका तीन साधनमा क्रान्तिकारी पार्टी, पार्टीकै नेतृत्वमा निर्माण गरिने जनमुक्ति सेना र पार्टीकै नेतृत्वमा बन्ने क्रान्तिकारी संयुक्त मोर्चा पर्दछन् । क्रान्ति गर्न मुख्यतः सिद्धान्तनिष्ठ मालेमावादी क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्नु पहिलो र प्राथमिक शर्त हो । जसले क्रान्तिको रणनीति र कार्यनीति निर्माण गर्नु पहिलो प्राथमिक शर्त हो, जसले क्रान्तिको रणनीति र कार्यनीति कार्यदिशा निर्धारण गर्दछ । वर्तमान राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमाथि ध्यान दिँदै नेपाली विशेषतामा मालेमावादी आलोकमा क्रान्तिकारी कार्यदिशा निर्धारण गर्नु, त्यसको डटेर कार्यान्वयन गर्नु, अर्को अपरिहार्य काम हो । विचार, राजनीति र कार्यदिशाको आधारमा सर्वप्रथम पार्टीलाई एकतावद्ध अनुशासित र सुदृढ गर्न जरुरी छ । यसै अनुरुप संगठन र संघर्षका विविध रुपहरुको प्रयोग र यसको उचित तालमेलद्वारा मात्र क्रान्तिको नेतृत्व गरी वर्गशत्रुलाई परास्त गर्न संभव हुन्छ।

त्यसैले पार्टीको अर्को काम यो हो - मजदुर, किसान, महिला, विद्यार्थी, निम्न पुँजीपति वर्ग तथा राष्ट्रिय पुँजिपति वर्ग लगायत सबै क्रान्तिकारी वर्ग र उत्पीडित जनसमुदाय सबै साझा काम कार्यवाहीका साथ एकतावद्ध भएर सर्वहारा वर्गको अगुवाईमा एक राष्ट्रिय क्रान्तिकारी मोर्चा निर्माण गर्नु आवश्यक र अनिवार्य विषय हो । नेकपा (क्रान्तिकारी माओवादी) ले यसैलाई ध्यानमा राखेर क्रान्तिकारी संयुक्त मोर्चा "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल" को निर्माण गरेको हो ।

यो मोर्चाको गठन यसकारणले पनि आवश्यक छ कि नेपाली जनतालाई एकतावद्ध गर्ने कामलाई व्यवस्थित र सुदृढ पार्ने, वर्तमान संकटमाथि विजय प्राप्त गर्न, साम्राज्यवाद-विस्तारवादको हस्तक्षेपकारी नीति र व्यवहारका विरुद्ध नेपाली जनसमुदायलाई अरु जागरुक बनाउनु, कुनै राजनीतिक पार्टी र समूहसँग सम्बन्ध नभएका मानिसहरुलाई एकतावद्ध गर्नु, छिमेकी मुलुकका जनता र सहयोगी पक्षसँग सम्बन्ध विस्तार गरी नेपाल र नेपाली जनताको स्वाधीनता र स्वतन्त्रताको पक्षमा लड्ने ताकत बढाउनु आदि । यसरी नेपाली जनतालाई स्वाधीन, स्वतन्त्र, जनगणतान्त्रिक एकीकृत समृद्धिशाली, स्वावलम्वन शक्ति राष्ट्रको रुपमा नयाँ नेपाल निर्माणका लागि समर्थन प्राप्त गर्नेछौं । यसै उद्देश्यलाई प्राप्त गर्नका लागि यो देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आवश्यकता हुन गएको हो ।

हामीले अन्तर्राष्ट्रिय अनुभवबाट पनि शिक्षा लिन आवश्यक छ । दोस्रो विश्वयुद्धका बेला सोभियत कम्युनिस्ट पार्टी सोभियत सेना र जनताले अरु फासीवाद विरोधी अमेरिका, बेलायत र फ्रान्सका सहयोगी देशहरुका संयुक्त प्रयासबाट नै जर्मनी फासीवादी हिटलरको पराजय सम्भव गरेका हुन् । सर्वहारावादी नेता स्टालिनको नेतृत्वमा सोभियत जनताले सोभियत कम्युनिस्ट पार्टी र समाजवादी सत्ताको प्रगतिको महान् निर्माणको काम गरेका छन् र उनीहरु नै फासीवादलाई पराजित गर्ने मुख्य शक्ति बनेका छन् । यो संयुक्त मोर्चाको मुख्य दुश्मनलाई एक्ल्याउने र पराजित गर्ने नीति सुन्दर र अत्यन्तै महानतम् कार्य थियो । यो सबै देशका जनता र संगठित जनवादी शक्तिहरुका निम्ति एउटा बरदान नै सावित भएको छ । यसैगरी चिनियाँ कम्युनिस्ट पार्टीको जापानी साम्राज्यवाद विरोधी कोमिन्ताङसँगको संयुक्त मोर्चाको नीतिले कोमिन्ताङभित्रको एउटा देशभक्त समूहलाई साझा शत्रुको प्रतिरोध गर्न, जापानविरोधी संयुक्त सेना गठन गर्नमा चिनियाँ कम्युनिस्ट पार्टीलाई साथ दियो । यसले चिनियाँ कम्युनिस्ट पार्टी र मुक्तिकामी जनसमुदायलाई एकतावद्ध गर्न र जापानविरोधी शक्तिहरुको निर्माण र परिचालनका त्यादै महत्वपूर्ण भूमिका प्रदान गरेको छ । यी यस्ता उदाहरण हुन्, जुन हाम्रो सन्दर्भमा बाहिरी रुपमा साम्राज्यवाद विस्तारवाद र आन्तरिक रुपमा त्यसका कठपुतली दलाल नोकरशाही पुँजीवाद र सामन्तवाद विरोधी मोर्चा गठनका लागि प्रेरक बन्न सक्छन् । क्रान्ति सम्पन्न गर्न र सत्ता निर्माण र सञ्चालनका लागि यो संयुक्त मोर्चाको ठूलो महत्व छ ।

**संयुक्त मोर्चाबारे केही वैचारिक प्रश्न र ऐतिहासिक कार्यभार**

(१) संयुक्त मोर्चालाई रणनीतिक र कार्यनीतिक मोर्चाका रुपमा पनि लिन सकिन्छ । राजनीतिक संयुक्त मोर्चा भन्नाले क्रान्तिको रणनीतिक उद्देश्य पूरा गर्ने हेतुले रणनीतिक उद्देश्यमा एकीकृत वा साझा बुझाई भएमा रणनीतिक संयुक्त मोर्चा बनाउनु पर्दछ । अहिले गठित संयुक्त मोर्चा सर्वहारा वर्गको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्ति पूरा गर्ने उद्देश्यमा आधारित मोर्चा "देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल" हो । यसै मोर्चाले पार्टी कार्यदिशालाई सहयोग पुऱ्याउन गरिने ठोस विषयत काममा तत्कालीन कार्यनीतिसँग सम्बन्धित संघर्षका विषयमा कार्यगत एकता वा कार्यनीतिक संयुक्त मोर्चाको काम गर्न सक्छ । जनतासँग प्रत्यक्ष जोडिएका विषयहरुमा स्थानीय वा केन्द्रीय आधारमा संघर्ष गर्न यसप्रकारको कार्यनीतिक मोर्चा बनाउन सकिन्छ । यहाँ ध्यान दिनुपर्ने कुरा के हो भने तत्कालीन फाइदाको लागि काम गर्दा त्यसले रणनीतिको सेवा गरेको हुनुपर्दछ नकि रणनीतिक उद्देश्यलाई नोक्सान पुऱ्याउने काम ।

(२) संयुक्त मोर्चा निर्माणको विषयलाई लिएर कतिपयले चुनावी मोर्चाको रुपमा व्याख्या गरेको पाइयो । आफूलाई 'क्रान्तिकारी' ठान्नेले ' वाम' कोणबाट फलाना चुनावमा भाग लिने भयो भनी दक्षिणपन्थी वा संसदवादी देख्ने, बहिष्कार गरे क्रान्तिकारी ठान्ने त्यस्तै अर्का संसदवादीहरु मोर्चा गठन गरेर अब चुनावमा भाग लिने भयो । हामी र हाम्रै संसदवादी बाटो पछ्यायो भनी व्याख्या र प्रचारवाजी गर्ने । यी दुवै थरिले अति बचकाना सोचबाट आत्मरति गरेको पाइयो । यी दुवैको सोचमा कोण अलग भएपनि भनाई दुवैको भ्रमपूर्ण र खोटपूर्ण छ । यथार्थ के हो त ? सर्वहारा वर्गको पार्टी नेकपा (क्रान्तिकारी माओवादी) ले चुनाव उपयोगको कार्यनीति लिएको खण्डमा मोर्चाले चुनावको उपयोग गर्नेछ । यदि बहिष्कारको कार्यनीति अवलम्बन गरेको खण्डमा मोर्चाले चुनाव बहिष्कार गर्नेछ । जुनसुकै अवस्थामा पनि यसलाई संघर्षको माध्यमबाट जनताको सत्ता र संघर्षको साधनको रुपमा प्रयोग गर्नुपर्दछ । तर अहिले नेकपा (क्रा.मा.)ले चुनाव बहिष्कार वा उपयोग गर्ने भन्ने बारेमा कुनै निर्णय गरेको छैन ।

सिद्धान्तः चुनाव उपयोग गरेमा गैर क्रान्तिकारी र बहिष्कार गरे क्रान्तिकारी हुने होइन । यो कार्यनीतिको विषय हो । कुन रणनीतिक उद्देश्यको सेवाको लागि उपयोग गरेको वा बहिष्कार गरेको हो ? त्यस्तै कुन कार्यदिशाको सेवाका लागि हो ? त्यसले मात्र क्रान्तिकारी र गैर क्रान्तिकारी छुट्याउने हो । मनोगतवादी व्याख्या मालेमासंगत हुन सक्दैन ।

(३) बाहिरी रुपमा साम्राज्यवाद-विस्तारवाद र आन्तरिक रुपमा दलाल नोकरशाही तथा सामन्तवर्गको हस्तक्षेप दमन उत्पीडनका विरुद्ध खडा हुने मोर्चा हो । यो आफै पनि एउटा मोर्चा भएकोले राष्ट्रियता, जनतन्त्र र जनजीविका लगायतका समस्यालाई लिएर समान विचार राख्ने मोर्चासँग एकता गर्ने वा आंशिक धारणा वा एजेण्डाहरुमा समान सोच राख्ने भएमा कार्यगत एकता गरेर संघर्षको कामलाई अघि बढाउने छ । यी सबै सर्वहारा वर्गको पार्टीको नेतृत्वमा परिचालन हुनेछन् । यसका अतिरिक्त अन्तर्राष्ट्रिय रुपमा विश्वका उत्पीडित वर्ग र समुदायलाई एकतावद्ध गर्ने दक्षिण एशियामा भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध एकतावद्ध गर्ने ।

(४) जनताका स्थानीय वा केन्द्रीय विविध समस्याहरुलाई लिएर संघर्षको उठान गर्ने र परि स्थितिको विकाससँगै जनताको बीचको कामलाई लिएर प्रतिक्रियावादी सत्ताको विरुद्ध जनसत्ताको रुपमा अभ्यास गर्दै जानु पर्दछ ।

(५) मोर्चाले संघर्षको कानुनी वा वैधानिक रुपलाई लिएर अगाडि बढ्ने छ । परिस्थिति बदलिएमा अर्थात् सरकारले सशस्त्र दमनको बाटो अपनाएमा परिस्थितिको विकाससँगै संघर्षको गैरकानुनी रुपहरुको पनि प्रयोग गर्नुपर्ने अवस्थालाई आत्मसात गर्न जरुरी छ । सोही अनुरुप संघर्ष र संगठनको उचित तालमेल गर्दै लैजानु पर्दछ ।

(६) राष्ट्रिय मुक्ति र वर्गीय मुक्तिको लागि संघर्षको एकरुपतामा लैजाने । राष्ट्रिय मुक्तियुद्धमा वर्गीय मुक्तिलाई सहायकको रुपमा परिचालन गर्ने, आवश्यक मात्रामा विकास गर्ने ।

(७) संयुक्त मोर्चा र पार्टीका अन्य मोर्चाको स्वतन्त्रता दुवैलाई कायम राख्नुपर्दछ । हाम्रो नीति क्रान्तिकारी संयुक्त मोर्चाभित्र स्वतन्त्रता र पहलकदमी कायम राख्ने नीति हो । एकताको साथसाथै स्वतन्त्रता पनि कायम राख्ने नीति हो ।

(८) सबै काम संयुक्त मोर्चा मार्फत् भन्ने भनाई गलत छ । कुनैपनि पार्टी वा मोर्चाले आफ्ना हात खुट्टा बाँध्न हुँदैन । यसमा एकता र स्वतन्त्रतालाई सँगै लैजानु पर्दछ । सहयोग र एकताको नाममा वर्गहरुको स्वतन्त्र चरित्रलाई वलिदान दिनुहुँदैन । अर्कोतर्फ स्वतन्त्रताको नाममा संयुक्त मोर्चाको एकतालाई भाँड्नु पनि हुँदैन ।

(९) भ्रष्टाचार, कमिशनखोर, महंगी, कालाबजारी, व्यभिचारी, वेथिति, अन्याय, अत्याचार, भूकम्प पीडित र विभिन्नखाले भेदभावका विरुद्धको संघर्षका मिल्नसक्ने सँग एकताबद्ध भएर जाने । जनपरिचालनका कार्वाहीमा संलग्न हुने वा समर्थन गर्ने । यसलाई राष्ट्रिय रुपमा मात्र नभएर अन्तर्राष्ट्रवादी भएर पनि सोच्नु र लागु गर्नुपर्दछ । संयुक्त वा संयुक्त नभए एकल रुपमा मोर्चाले संघर्षलाई निरन्तर अघि बढाउनु पर्दछ ।

(१०) सर्वहारा वर्गको अग्रदस्ता नेकपा (क्रा.मा.)ले सञ्चालन गरेको सबैखाले न्यायपूर्ण आन्दोलनमा सक्रिय सहभागी भई प्रभावकारी भूमिका निर्वाह गर्ने, जनतासँग जनशैली अपनाउने र जनसत्ता निर्माणमा जनसंघर्षलाई नेतृत्व प्रदान गर्ने आदि ।

(११) देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नेकपा (क्र.मा.) को नेतृत्वमा निर्माण भएको र पार्टीको नेतृत्वलाई सबै किसिमले स्वीकार गर्ने क्रान्तिकारी संयुक्त मोर्चा हो । नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न नहुन्जेल यसले क्रान्तिको कामलाई अघि बढाउन पार्टीको नीति र निर्देशनमा क्रान्तिको मोर्चामा निरन्तर डटिरहने छ ।

नेपाली जनताका अवर्णित दुःखकष्टहरुका विरुद्धको संघर्ष संगठित गर्ने अभिप्रायले संयुक्त मोर्चालाई सुदृढ, व्यवस्थित र विस्तार गर्नु आवश्यक छ । यसको लागि मोर्चालाई केन्द्रदेखि गाउँ/टोलसम्म सबै तहमा व्यापक विस्तार गर्न जरुरी छ । संगठन निर्माण दुई किसिमले पहल लिने मोर्चाको निर्णयलाई आत्मसात गरिनुपर्दछ । एउटा, संगठित सदस्य जो कटिबद्ध हुन्छ र त्यसले आफ्नो जिम्मको कामलाई गहन रुपलृे सम्हाल्छ भने अर्को साधारण सदस्य जसले संगठनको नीति र त्यसका कार्यक्रमलाई समर्थन गरी यथाशक्य आन्दोलनको कार्यक्रममा सहभागी बन्ने छ । हरेक स्तरमा मोर्चाका नेताहरुले जनतासँग सहभागी भई संगठन निर्माण र विस्तारमा लागि पर्नेछन् ।

महान् जनयुद्धको तयारीको बेला हामीले यस्तै क्रान्तिकारी मोर्चा निर्माण गरेका थियौं । त्यस दौरानमा मोर्चाले पार्टीको कार्यदिशालाई ध्यानमा राखेर प्रचारप्रसार, संगठन निर्माण लगायत आवश्यकता अनुसार संघर्ष र सत्ताको साधनको रुपमा ज्यादै नै महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । अहिले हामी फेरि प्रतिक्रान्तिको प्रतिधक्काले घाइते भएका छौं । फेरि इतिहासको नयाँ ढंगले पुनरावृत्ति भएको छ । यो घाउको मल्हमपट्टी भनेको अर्को सशक्त संघर्षको माध्यमबाट प्रतिक्रान्तिलाई पेचिलो प्रहार गर्दै अग्रगामी क्रानितमा बदल्न आवश्यक भएको छ । क्रान्तिले गम्भीर धक्का खाएको वर्तमान अवस्थामा विगतका सकारात्मक तथा नकारात्मक घट्ना र परिणामबाट हिक्षा लिंदै गम्भीर तयारीका साथ नयाँ ढंगले अर्को सशक्त क्रान्तिको उठानको आवश्यकता छ । त्यसैको लागि फेरि यो ऐतिहासिक जिम्मेवारी पूरा गर्न नयाँ ढाँचाबाट क्रान्तिकारी संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको आवश्यकता भएको हो ।

अन्त्यमा, क्रान्तिकारी संयुक्त मोर्चाको गठन, यसको महत्व र मोर्चाको नीतिगत अवधारणासहित सम्भावना र चुनौतिहरुको पनि माथि चर्चा गरेका छौं । मोर्चाको उद्देश्य र प्रारम्भिक कामका साथै यसले सामना गर्नुपर्ने सकारात्मक तथा नकारात्मक अवस्थाको बारेमा पनि चर्चा भएको छ । मोर्चाको राष्ट्रिय भेलाद्धारा पारित प्रस्तावमा सर्वहारा वर्गको नेतृत्वमा पुँजीवादी जनवादी क्रान्तिको आवश्यकता त्यसमा मोर्चाले खेल्नुपर्ने भूमिकाबारे स्पष्ट पारिएको छ । त्यसरी नै क्रान्तिकारी संयुक्त मोर्चाको ऐतिहासिक कामको रुपमा पारित प्रस्तावमा आधारभूत तथा तात्कालिक कार्यक्रमको बारेमा बुँदा/बुँदामा राष्ट्रियता, जनतन्त्र तथा जनजीविका सम्बन्धी विषयलाई लिएर स्पष्ट र सटिक ढंगबाट उठाइएको छ । क्रान्तिको विकाससँगै यी आधारभूत तथा तात्कालिक कार्यक्रमहरुले मूर्तता पाउँदै जानेछन् । हामी हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा क्रान्तिकारी संयुक्त मोर्चा मार्फत् क्रान्तिकारी जनसमुदायलाई एकजुट गर्न सक्यौं र सम्पूर्ण जनतालाई दृढताका साथ संघर्षमा जुटाउन सक्यौं भने तथा सबै संगठनहरुको उचित तालमेल गरी नेतृत्व दिन सक्यौं भने निकट भविष्यमा निराशाको बादल राम्रोसँग फाट्नेछ । क्रान्तिले विजय हासिल गर्नेछ । विश्वास गरौं क्रान्तिको भविश्य उज्ज्वल छ ।

## जम्काभेट

# 'क्रान्ति गर्ने पार्टी यही हो' भन्दै आउन थालेका छन्



**बलराम न्यौपाने**
*सर्लाही जिल्ला सेक्रेटरी, नेकपा (क्रान्तिकारी माओवादी)*

● **सर्लाही जिल्लामा क्रान्तिकारी माओवादीको स्थिति के कस्तो छ ?**

दक्षिणपन्थी अवसरवादी वादल गुट पार्टीबाट बाहिरिदा त्यसको केही असर पऱ्यो । तर जिल्लाका बहुमत साथीहरु क्रान्तिकारी माओवादीमै रहे । उनीहरुले छरेका भ्रम हामीले चिर्नै परेन । उनीहरु आफै नाङ्गिएर गए । अहिले जिल्लामा क्रान्तिकारी माओवादीको स्थिति बलियो रहेको छ ।

● **सर्लाही जिल्लाको ढुंग्रे धरहरामा सुकुम्बासीमाथि राज्यले गरेको दमनपछि सुकुम्बासीहरुको स्थिति कस्तो छ ?**

२१ श्रावण ०७३ मा सर्लाही जिल्लाको ढुंग्रेखोला गाविसको धरहरा क्षेत्रमा सुकुम्बासीहरुले लगाएको धान, मकै बाली नष्ट राज्यले नष्ट पारिदियो । साथै, सुकुम्बासीमाथि बर्बर दमन गऱ्यो । भित्र्याउन लागेको बाली नष्ट पारिदिएकाले अहिले सुकुम्बासीहरु भोकमरीको चपेटामा परेका छन् । उनीहरुको जीवन निकै कष्टकर र दयनीय अवस्थामा गुज्रिरहेको छ ।

● **क्रान्तिकारी माओवादीप्रति सर्लाही जिल्लाका जनताको आकर्षण र आवद्धता चाहिं कस्तो छ ?**

माओवादी पार्टी विभिन्न टुक्रामा विभाजित भएपश्चात् विचार र सिद्धान्तको विचलनमा नपरेका मान्छेहरु सही र क्रान्तिकारी पार्टी क्रान्तिकारी माओवादी नै हो भन्न थालेका छन् । उनीहरुको बुझाइ छ- यसले नै नेपालमा नयाँ जनवादी क्रान्ति गर्न सक्छ । पुराना वामपन्थी नेताहरु र अन्य माओवादी पार्टीमा रहेका स्थानीय नेता कार्यकर्ताहरु पार्टीको सम्पर्कमा आउन थालेका छन् । अहिले हाम्रो पार्टीप्रतिको आकर्षण बाक्लिदै गएको छ ।

## संसदमा बम्पर ...

योजना लागू गरिनु पर्ने ।

५. माननीयहरूलाई आजिवन विशेष सुविधा नदिए पनि आजिवन कर्मचारीहरूकै नियमानुसारको पेन्सनको व्यवस्थाका लागि विधेयक ल्याई पास गरेर कानून बनाइनु पर्ने ।

६. सदन नचलेको समयमा देशमा क्रियाशील विभिन्न आइएनजीओ र एनजीओहरूलाई सदन भित्रै आएर गोष्ठीको आयोजना गर्न लगाउने ।

७. मन्त्रीहरू र दलका लाउके नेताहरूको संरक्षण र छत्रछायाँमा हुर्के जस्तै माननीयहरूको छत्रछायाँमा पनि डनहरूको संरक्षण र क्रियाशील हुने वातावरणको ग्यारेन्टी गरिनु पर्ने ।

उपर्युल्लिखित समाधानका उपायहरूको व्यवस्था सदनबाटै गरिएको खण्डमा आगामी दिनमा माननीयहरू संसदमा हाँजिर गर्ने र टाप कस्ने वातावरणको अन्त्य हुने प्रतिवेदनमा जनाइएको छ । यसरी समाधानको उपाय प्रतिवेदनले बताएपछि सभामुख महोदयले तत्कालै लागू गरेकी छन् । र, यसै बर्सको दशैं तिहार र छठको अवसर पारेर उक्त बम्पर उपहार योजना लागू गरिएको कुरा महोदयले झर्रोटर्रोलाई बताइन् ।

८ भदौ २०७३,

kailubraha73@gmail.com

## तामाङ मोर्चाको भेला मंसिर १८ मा हुने

**काठमाडौं ।** अखिल नेपाल तामाङ राष्ट्रिय मुक्ति मोर्चाको दोस्रो राष्ट्रिय भेला मंसिर १८ र १९ गते काठमाडौंमा हुने भएको छ । मोर्चाको हालै बसेको बैठकले यस्तो निर्णय गरेको मोर्चाका संयोजक निमा दोर्जे लामाले बताएका छन् । नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा ताम्सालिङ इन्चार्ज राम आचार्य, जनजाति महासंघका नेता नगेन्द्र राई, मोर्चाका सल्लाहकार फुर्नाम्गेल तामाङ उपस्थितिमा बसेको सो बैठकले राष्ट्रिय भेलाअगावै सबै जिल्लामा भेला सम्मेलनहरु गरिसक्ने निर्णय गरेको छ ।

## सुकुम्बासी बस्तीमा पर्चा आतंक

**काठमाडौं ।** अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यालय गुहेश्वरी फाँट, काठमाडौंको लेटरप्याडमा ३० भित्र जग्गा खाली गर्न उर्दी गरिएको पर्चा टाँसले सुकुम्बासी बस्तीमा पर्चा आतंक मच्चिएको छ । चाडबाडको मुखमा सुकुम्बासी बस्तीमा यस्ता पर्चा टाँस हुने गरेको र यसबाट बस्तीका बासिन्दा आतङ्कित बन्ने गरेको सुकुम्बासीका नेताहरुले बताउने गरेका छन् । अन्त्यन्त जरुरी सूचना भन्दै सुकुम्बासी बस्तीमा टाँसिएका पर्चाहरुले गर्दा सुकुम्बासीहरु पुनः आन्दोलित हुनुपर्ने छलफल गर्न थालेको बुझिएको छ ।

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरू**
सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

**फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।**

## आलोपालो

# क्रान्तिकारी युवाहरुको भूमिकाबारे

■ हरिकृष्ण गजुरेल



*"हुन त यो दुनियाँ तिम्रो पनि हो, हाम्रो पनि हो तर अन्ततः युवाहरुकै हो किनकि प्रौढ र बुढाहरु भनेका अस्ताउँदा सूर्य हुन् भने युवाहरु उदाउँदा सूर्य हुन् ।" –* ***क.माओ***

सर्वहारावर्गका महान् नेता माओत्सेतुङको उल्लेखित भनाइले प्रष्ट पार्छ कि युवाहरुको पार्टी र क्रान्तिमा कति ठूलो महत्व छ भन्ने तथ्य । युवाहरुलाई उदाउँदो सूर्यसँग तुलना गरिएको छ । अँध्यारो रातलाई चिरेर दिन (उज्यालो) जन्माउँछ सूर्य । सूर्य गतिशिल छ, सूर्य नित्य छ । यसको अर्थ क्रान्तिकारी युवाहरु गतिशिल हुन जरुरी छ र त्यसलाई हरक्षण कायम राख्न जरुरी छ । सर्वहारावर्गीय विचार र राजनीतिक हिसाबले युवाहरुले आफ्ना दील दिमाग यति जाज्वल्यमान पार्न जरुरी छ कि त्यसले अन्धकार (सबै गैरसर्वहारावादी सोच, विचार, चिन्तन, प्रवृत्ति)लाई चिरेर प्रकाश छर्न सकोस् । अर्थात् ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै समाजको आमूल परिवर्तनको दिशामा श्रमजीवि, शोषित-उत्पीडितहरुलाई गोलबन्द पारेर क्रान्तिको प्रक्रियामा लिएर अगाडि बढ्न सकियोस् ।

स्वभावैले युवाहरु गतिशिल हुन्छन्, परिवर्तनशिल हुन्छन् । युवापंक्ति कुनैपनि मुलुकका पहरेदार र समृद्धिका खम्बा हुन् । समाजका चालक शक्ति मात्र होइनन्, आगो खाएर अंगार ओकल्न सक्छन् युवाहरु । भविष्यका इतिहास निर्माता पनि हुन् । समग्रमा भन्नुपर्दा सिंगो मुलुकको भार नै युवा पंक्तिको काँधमा अडेको हुन्छ । त्यसै भएर पनि क.माओले युवा पंक्तिलाई उदाउँदो सूर्यको समेत संज्ञा दिनुभएको । जिउँदो जाग्दो ऊर्जाशील, गतिवान, तन्दुरुस्त र जाज्वल्यमान शक्ति पनि युवापंक्ति नै हो । विश्वका कम्युनिस्ट वा गैर कम्युनिस्ट जस्तासुकै आन्दोलनहरु पनि युवापंक्तिकै धक्का र पहलकदमीमा अघि बढेको र सम्पन्न भएको पाइन्छ । अझ मुख्यतः क्रान्तिकारी युवाहरुकै भूमिका र पहलकदमीमा विश्वका क्रान्ति र आन्दोलनहरु सफल भएको पाइन्छ । जसमा कम्युनिस्ट क्रान्तिका सवाललाई लिंदा क्युबा, भेनेजुयला, लगायत मुलुकहरु पर्दछन् । हरेक नीति, योजना र कार्यक्रमहरुलाई क्रान्तिकारी युवा शक्ति बेगर आमूल परिवर्तन गर्ने कुरा सम्भव नै छैन ।

नेपालको सन्दर्भमा २००७, २०२८, २०३६, २०४६, २०५२ सालमा सञ्चालित महान् जनयुद्ध र २०६२/०६३ मा भएको जनआन्दोलन विविध संघर्ष र आन्दोलनहरुमा क्रान्तिकारी युवाहरुकै अग्रणी र निर्णायक भूमिका रहेको सुस्पष्ट नै छ । तर विडम्बना विविध आन्दोलन र युद्धहरु अन्ततः सम्झौतावादको रुपान्तरण हुँदै प्रतिक्रान्तिमा बदलिन पुगेको तीतो यथार्थता छ । यतिसम्म कि आम शोषित, उत्पीडित जनताको साथै सिंगो मुलुकको भार थेग्ने युवाहरुको भविष्य निर्माण गर्ने महान् एवम् उदात्त लक्ष्यका साथ सञ्चालित ऐतिहासिक दशवर्षे जनयुद्ध अन्ततः प्रत्याक्रमणको चरणमा पुग्दा समेत क्रान्तिका नायकहरु नै खलनायकमा बदलिएकोले नेपाली क्रान्तिले सेटब्याक खायो भने क्रान्ति प्रतिक्रान्तिमा बदलिन पुग्यो । जसले गर्दा अब नेपाली क्रान्तिकारी युवाहरु नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्यलाई दृढताका साथ पकडेर अघि बढ्नुको विकल्प छैन । समग्र मुलुक र आउँदो पुस्ताको भाग्य र भविष्य निर्माणको निम्ति नवसंशोधनवाद, प्रतिक्रियावाद, वाम रुपमा देखापर्ने दक्षिणपन्थी अवसरवाद लगायत क्रान्ति विरोधी र गलत प्रवृत्तिहरुका विरुद्ध निर्मम ढङ्गले धावा बोल्नुका साथै लड्नुसमेत पर्दछ भने मालेमावादको खास्टो ओढेर क्रान्ति विघटन गर्नेहरुविरुद्ध क्रान्तिकारी युवाहरुको हुँकार गर्दै त्यस्ता क्रान्ति विरोधी प्रवृत्तिहरुलाई ध्वंश र निर्मूल पारी क्रान्तिको मार्ग प्रशस्त गर्नै पर्दछ ।

क्रान्तिकारी युवाहरु सारसंग्रहवाद, अकर्मण्यतावाद, आत्मसमर्पणवाद, संकीर्णतावाद लगायत कुनैपनि प्रकारका मार्क्सवाद विरोधी गतिविधिहरु निर्मम संघर्षमा होमिंदै आम सर्वहारा वर्गलाई क्रान्तिप्रति आशावादी बनाउँदै जस्तासुकै चुनौतीका पर्खालहरुलाई पनि क्रान्तिमा बदल्ने आँट र साहस गर्दै निरन्तर क्रान्तिमा अघि बढ्नुपर्दछ भने आम सर्वहारा वर्गको मुटुको ढुकढुकी बन्नु जरुरी छ । विचार राजनीतिमा स्पष्ट सर्वहारा वर्गप्रति प्रतिवद्ध, पार्टी र क्रान्तिप्रति इमान्दार, सिर्जनशील दुरदृष्टि भएका र क्रान्तिकारी स्पीरिट बोकेका युवापंक्तिले मात्र क्रान्तिको सही नेतृत्व गरी मुलुकलाई आमूल परिवर्तनको दिशामा अगाडि बढाउन सक्छ । त्यसको निम्ति गाउँ, बस्ती, टोल, स्कूल, कलेज, विश्वविद्यालय, प्रतिष्ठानलगायत हरेक क्षेत्रमा रहेका सच्चा देशभक्त, जनगणतन्त्रवादी, वामपन्थी, सामन्तवाद-साम्राज्यवाद विरोधी परिवर्तनकामी जनताको पंक्तिलाई समेत एकतावद्ध गरी उत्साहित बनाउँदै क्रान्तिमा होम्ने पहलकदमी युवापंक्तिले निर्माण गर्नै पर्दछ । विश्व कम्युनिस्ट आन्दोलनसमेत धरासायी बनेको यो अवस्थामा नेकपा (क्रान्तिकारी माओवादी) पार्टी र अध्यक्ष क. मोहन वैद्य 'किरण'को नेतृत्वमा नेपाली क्रान्तिकारी युवाहरुले नेपालमा क्रान्ति सम्पन्न गर्नको निम्ति अग्रणी भूमिका निर्वाह गरी धारासायी बनेको विश्व कम्युनिस्ट आन्दोलनलाई समेत रक्तसंचार गराउने साहस गर्दै पर्दछ । जसको निम्ति देशी, विदेशी, प्रतिक्रयावादी, साम्राज्यवादी, सामन्तवादी, विस्तारवादीका मतियारहरु दलाल, तस्कर र भ्रष्टहरुलाई नै जरैदेखि पत्तासाफ गर्नुपर्दछ । साम्राज्यवाद र विस्तारवादका दलालहरुलाई घन हानेर धुजाधुजा पारी सर्वहारा वर्गको अधिनायकत्व भएको राज्यसत्ता स्थापना गर्नको निम्ति क्रान्तिकारी युवाहरु अब सिंह बन्ने आँट गर्नै पर्दछ । राज्यसत्ता बाहेक अरु सबै कुरा भ्रम हो भन्ने कुरालाई आत्मसातीकरण गर्दै राज्यसत्ता प्राप्त गर्न बल प्रयोगको सिद्धान्त अपरिहार्य हुन्छ भन्ने मान्यता अनुरुप ७० लाखका हाराहारीमा विदेशीएका नेपाली युवाहरुलाई स्वदेशमा फर्काई आमूल परिवर्तनको निम्ति क्रान्तिमा लामवद्ध गराउने परिस्थिति समेत सिर्जना गराउन सक्नुपर्दछ ।

नयाँ निर्माणको निम्ति पुरानोलाई ध्वंश गरिनुपर्छ भन्ने क.माओको भनाईलाई दह्रोसँग पक्डिदै पुरानो र मक्किएको राज्यसत्तालाई पूर्णरुपमा ध्वंश गर्नका लागि वैचारिक, राजनीतिक, सांगठनिक रुपमा परिपक्व एवम् द्वन्द्वात्मक भौतिकवादको नीतिलाई दह्रोसँग अवलम्बन गर्नसक्ने क्रान्तिकारी स्पीरिटले लैस भएको टिमले मात्र दुनियाँ बदल्ने साहस गर्नसक्दछ । यस्तो टिम मात्र जस्तोसुकै आँधीहुरी तुफानी र ज्वारभाटाका विरुद्ध डटेर सामना गर्ने हैसियत राख्नुको निम्ति क्रान्तिकारी युवाहरु चिनियाँ पर्खाल जस्तै बन्ने आँट गर्नै पर्दछ । नेपाली क्रान्ति सम्पन्न गर्ने अभिभारा क्रान्तिकारी युवाहरुको काँधमा आएको छ । त्यसकारण क्रान्ति सम्पन्न गर्नको निम्ति जस्तोसुकै त्याग र वलिदानी गर्नुपरे तापनि कत्तिपनि विचलित नभई निरन्तर क्रान्तिमा अघि बढ्नु आज क्रान्तिकारी युवाहरुको दायित्व र कर्तव्य बनेको छ । नेपालमा क्रान्ति अपरिहार्य छ र सम्भव पनि छ ।

## विश्वविद्यालयका ...

*कहाँ छ र*

*जनयुद्ध हाम्रो रुकेको कहाँ र !*

श्रद्धेय बाजे ! निश्चय नै गणतन्त्र नेपालका मालिक भयौं । सदियौंदेखि तर्साउने भूतलाई पाखा लगायौं । तर, भनेजस्तो भएको छैन । खोजेजस्तो मिलेको छैन । एक थरिको निरंकुशतालाई भित्तामा पुर्‍याए पनि अर्को थरी अझ सशक्त तवरले उठेको छ । संविधान बनाउने नाममा कुनै ठोस आधारविना ब्रह्मलुटको नाटक मञ्चन भएको छ । यी सारा दृष्य टुलुटुलु हेरिबस्नुभन्दा जीवन हत्केलामा लिएरै भए पनि पुरातनवादी सोच र समझ विरुद्ध क्रान्ति छेड्नु सयौं गुणा उत्तम ठहरिएको छ । सुन्नुस् त-

*त्रिशुलीको किनारमा बालुवा चाल्नेहरु,*<br>
*सोलुमा भारी बोकी बालबच्चा पाल्नेहरू !*

अझै नै निरङ्कुस ढल्या छैन, जनताको शासन त चल्या छैन है ।

अन्तिममा म के भन्न चाहन्छु भने बाजे ! नाटक मञ्चन जति गरे पनि प्रतिफल स्वरूप नेपाली जनताले ऋणको भारी बोक्नुपर्छ नै । जनताको मूल कानुन ओझलको ओझल पर्ने निश्चित छ । यी पदका भोका र पैसाका लागि सरम छाडाहरूलाई सडकमा नाङ्गेझार तुल्याउने एक शक्ति भएको नाताले प्रतिबद्ध भई लागिपर्नुस् । तपाईंको नेतृत्वमा नेपाली जनताको विजय निश्चित छ । दुई, चार सपुत गुमाउनै परे गुमाऔं तर यथास्थितिमा मुलुकलाई अल्झाएर विश्वमा कलङ्कित नागरिक नकहलिऔं । भारतको कलुषित विचारको भण्डाफोर गरौं । बरू एक छाक खाएर दुई छाक भौकै भएर बसौं । तर, मुलुकलाई बेच्न नदिऔं । गद्दारहरूको गद्दारीपनका विरुद्ध निरन्तर युद्ध गरिरहौं । अबको युद्ध सामन्ती सोच र समझ विरुद्ध हुनेछ । पद र पैसामा ढलिमली गर्नेहरू र जनतालाई थाङ्नामा सुताउनेहरूको कालो कर्तुत पर्दाफास गर्नका लागि हुनेछ । भ्रष्टचारी र जनघाती कार्यका लागि आजीवन श्रमदानमा रहने दण्ड दिलाउने कामका लागि हुनेछ । अब भने श्रद्धेय बाजे ! लाल अभिवादन सहित पत्रान्त गर्दछु । धन्यवाद !

## अलमलमा संविधान ...

अध्यक्ष पुष्पकमल दाहालले अमेरिका भ्रमण स्थगित गरेपनि त्यसमा सफलता मिल्न सकेको छैन ।

यसैगरी संविधानमा आंशिक विरोध गरिरहेका मधेसवादी र जनजाति पार्टीलाई समेट्न खोजिएपनि संविधानसभाको सम्पूर्ण प्रक्रियाप्रति नै असहमति जनाउँदै बसेको एउटा ठूलो हिस्सालाई भने सरकारले बेवास्ता गर्दै आएको छ । संविधानसभाको प्रक्रिया बहिस्कार गरेको क्रान्तिकारी माओवादी र नेत्रविक्रम चन्द नेतृत्वको माओवादीलगायतका विषयमा भने कसैको ध्यान केन्द्रित भएको छैन । क्रान्तिकारी माओवादीले अहिलेको संविधानमा संघीयता, धर्म निरपेक्षता, गणतन्त्रलगायतका कतिपय विषयहरु सकारात्मक भएपनि समग्र संविधान प्रतिगामी भएको बताउँदै आएको छ । क्रान्तिकारी माओवादीले अहिलेको संविधानले जनताको समस्याको हल नहुने भएकाले नयाँ संविधान बनाउनुपर्ने बताउँदै आएको छ । तर, सरकारले संविधानको आंशिक विरोध गरेका दललाई समेट्न खोजेपनि अन्य दलहरुलाई समेट्न कोशिस गरेको देखिदैन ।

मधेसवादी दलले संविधानमा प्रदेशको सीमांकन, लैंगिक विभेदको अन्त्य, नागरिकता, भाषिक समस्या, समावेशी समानुपातिक, राष्ट्रिय सभा, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र, न्यायपालिका, आयोग गठनलगायतका प्रावधान संशोधन गरिनुपर्ने बताउँदै आएको छ । त्यसलाई नै सम्बोधन गर्नका लागि संसदवादी दलहरुले संविधान संशोधनको तयारी गरेपनि सहमति भने बन्न नसकेको हो ।

## दाहाल सरकारको ...

(८ गते) दिउसो सिठ्ठि जुलुस निकाल्ने र आइतबार (९ गते) उपत्यका बन्द गर्ने, थियो । शुक्रबार विहानै चक्काजामका लागि पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्यका इन्चार्ज दिनेश शर्माको नेतृत्वमा सडकमा निस्किएका नेता कार्यकर्ताहरुलाई काठमाडौंको सुन्धराबाट प्रहरीले गिरफ्तार गर्‍यो । पार्टीका नेवा राज्य इन्चार्ज शर्मासहित पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा नेवा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठ, केन्द्रीय सदस्य प्रा.डा. जगदिशचन्द्र भण्डारी, फुर्नाम्गेल लामा, शारदा महत, देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेल, कर्ण विसी, क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिवालय सदस्य रनसुर महतरा, दीपक भट्टराई, भीम सुर्खेती, मंगल तामाङ, मणिक महर्जन, फोटो पत्रकार जय दाहाललगायत १३ जनालाई भृकुटीस्थित पुलिस क्लवमा राखियो । नेता कार्यकर्ताहरु गिरफ्तारमा पर्नेवित्तिकै नेता गजुरेल पुलिस क्लव पुगे । र, पुनः रिहाईको माग गरे । साँझपख रिहाइ गरियो ।

**बन्दको सशक्त तयारी, झुक्यो दाहाल सरकार**

नेवा इन्चार्ज शर्मासहितका नेताहरु छुटेपछि संघर्षलाई सशक्त पार्ने तयारीमा जुटे । नेवान्तर्गतका नौंवटै जिल्लाले संयुक्त रुपमा विज्ञप्ती जारी गर्दै नौं गतेको बन्द लगायतका कार्यक्रमलाइ सशक्त पार्ने घोषणा गरे । अर्कोतर्फ थुनामा रहेका नेता यादवसहित चारैजनाले शुक्रबार विहानैबाट झुठ्ठा मुद्दाको खारेज गरी विनाशर्त रिहाई गर्नुपर्ने र राजनीतिक बन्दीको जस्तो व्यवहार गर्नुपर्ने जस्ता दुई बुँदे माग राखेर आमरण अनसन सुरु गरे । आमरण अनसन र संघर्षको दबाब थेग्न गाह्रो परेको दाहाल सरकार अन्ततः झुक्यो र विनाशर्त नेता शिवराम यादवसहित चारै जनालाई शनिबार छाडियो । रिहाइ हुनुअघि पार्टी अध्यक्ष मोहन वैद्य किरणले जुस खुवाएर अनसन तोडाएका थिए ।

**विजयी सभामा परिणत भयो सिठ्ठि जुलुस**

गिरफ्तारमा परेका नेता कार्यकर्ताहरु थुनामुक्त भएपछि शनिबार निकालिएको सिठ्ठि जुलुस विजयीसभामा परिणत भयो । काठमाडौंको रत्नपार्क, सुन्धरा, न्यूरोड हुँदै निस्किएको जुलुस भोटाहिटीमा पुगेर सभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिकका अध्यक्षसमेत रहेका क्रान्तिकारी माओवादीका बरिष्ठ नेता सिपी गजुरेलले हाम्रो आन्दोलनबाट दाहाल सरकार पराजित भएको भन्दै राज्यशक्तिको दुरुपयोग गरेर अरबौं भ्रष्टाचार गर्नेहरुले जनतासँग स्वेच्छिक रुपमा एक हजारको कुपन काट्दा हामीलाई गिरफ्तारी गर्ने ? उनले भने, "हाम्रो पार्टी जनताको पार्टी हो । हामी वर्गीय हिसाबले सबैसँग चन्दा उठाउँछौं । यो हाम्रो पार्टीको केन्द्रीय योजना हो ।" "हामी चन्दा उठाउँछौं, सक्छौं भने कमरेड किरणलाई गिरफ्तार गरेर देखाऊ" उनले भने ।

क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य सुरेश श्रेष्ठले संचालन गरेको कार्यक्रममा बोल्दै सो पार्टीका नेवा राज्य इन्चार्ज दिनेश शर्माले भारतसँग २५ बुँदे सम्झौता गरेर गम्भीर राष्ट्रघात गर्ने प्रचण्ड अपराधी कि पार्टी संचालन गर्न जनतासँग स्वेच्छिक रुपमा हजार रुपैयाँ उठाउने हामी अपराधी भनेर प्रश्न गरे । जनताको तागतका अगाडि जस्तोसुकै फासिवादी शासक पनि टिक्न नसक्ने भन्दै हजारको आर्थिक अभियानमा सहयोग पुर्‍याउन जनतालाई आव्हान समेत गरे ।

सैयौं कार्यकर्ता र जनताको उपस्थितिमा भएको कार्यक्रममा भर्खरै थुनामुक्त भएका नेता शिवराम यादवले जनताको साथ र पार्टीले गरेको दबाब आन्दोलनले आफूहरु थुनामुक्त भएको भन्दै देश र जनताको मुक्ति र परिवर्तनका लागि आफूजस्तै हजारौं साथीहरु जेलजान तयार रहेको बताए ।

नेवा राज्यन्तर्गतका जिल्लाका संयोजकहरुले संयुक्त रुपमा थुनामुक्त भएका चारैजना नेताहरुलाई माला, खादा र अबिर लगाएर अभिनन्दन गरेका थिए ।

**उपत्यका बन्द स्थगित**

नेता कार्यकर्ताहरु थुनामुक्त भएपछि क्रान्तिकारी माओवादीका नेवा राज्य इन्चार्ज दिनेश शर्माले तत्कालका लागि नौं गतेका लागि आव्हान गरिएको उपत्यका बन्दको कार्यक्रम स्थगित भएको जनाएका छन् । शनिवारै एक विज्ञप्ती जारी गर्दै उनले यस्तो जनाएका हुन् ।

### सूचनाको हक सम्बन्धी ऐन, २०६४ का दफा ५ को उपदफा ३ को प्रयोजनको लागि सार्वजनिक गरिएको विवरण

**विभागको नाम : विद्युत विकास विभाग**

**(क) निकायको स्वरुप र प्रकृति**

विद्युत विकास विभाग नेपाल सरकारको ऊर्जा मन्त्रालय अन्तर्गत विद्युत विकास सम्बन्धी कार्य गर्ने केन्द्रीय स्तरको विभाग हो ।

**(ख) निकायको काम, कर्तव्य र अधिकार**

१. विद्युत आयोजनाहरुको प्रवर्द्धन र विकास गर्ने
२. नदी वेसिनहरुको जलस्रोत विकास सम्बन्धी गुरुयोजना तयार गर्ने
३. विद्युत क्षेत्रमा निजी क्षेत्रको सहभागिताको प्रवर्द्धन र विकास गर्ने
४. विद्युत ऐन २०४९ र विद्युत नियमावली २०५० अन्तर्गत रही विद्युत आयोजनाहरुको लागि अनुमति पत्र दिने
५. विद्युत उत्पादन, प्रशारण तथा, वितरण कार्यहरुको सुरक्षा र गुणस्तरको मापदण्ड तयार गरी त्यसको निरीक्षण गर्ने
६. विद्युत महशुल निर्धारण आयोगको सचिवालयको कार्य गर्ने
७. जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन सम्बन्धी कामहरु गर्ने
८. अनुमति प्राप्त आयोजनाहरुको नियमित रुपमा अनुगमन गर्ने
९. विद्युत ऐन २०४९ को दफा ३७ बमोजिम विद्युत उत्पादन, प्रसारण तथा वितरणको निरीक्षण र रेखदेख गर्ने




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं